का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ फागुन २०८२
मंगलबार
3 March 2026
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २४, अंक ४० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



बसन्तपुरमा होली पर्वको रौनक । **तस्बिर : मध्यान्ह**

# उम्मेदवार रोज्न मौन अवधि

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, १८ फागुन

प्रतिनिधिसभा सदस्य निर्वाचनको औपचारिक प्रचार अभियान सकेका राजनीतिक दल र उम्मेदवारहरू अनौपचारिक रूपमा हुने भेटघाटमा केन्द्रित हुने तयारीमा छन् । फागुन २१ मा हुने चुनावको प्रचारप्रसार सोमबार राति १२ बजेबाटै सकिएको छ । यो अवधिमा कुनै दल, उम्मेदवार वा उसका समर्थकहरूबाट समेत चुनावसँग सम्बन्धित कुनै प्रकारका गतिविधि गर्न नपाईने निर्वाचन आयोगले जनाएको छ । यो अवधिलाई निर्वाचनको मौन अवधिको रूपमा लिइएको छ ।

यस अवधिमा राजनीतिक विज्ञापन, सामाजिक सञ्जालमा प्रचारप्रसार, कुनै किसिमको सन्देश सम्प्रेषणलगायत निर्वाचन प्रचारसँग सम्बन्धित कार्य गर्न निषेध गरिएको छ । मौन अवधिभित्र दल, उम्मेदवार, मतदतासहित सबै पक्षबाट के-के गर्न पाइँदैन भन्ने कुरा स्पष्ट उल्लेख छ । मतदान हुने दिनको अघिल्लो ४८ घण्टा अघिदेखि मतदान सम्पन्न भई मतदान केन्द्र बन्द नहुन्जेलसम्म आयोगबाट प्रचारप्रसारलाई पूर्ण निषेध अवधि तोकिएको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । सोमबार राति १२ बजेपछि निर्वाचनका प्रचारप्रसार गरी मत माग्न नपाइने उनको भनाई छ ।

निर्वाचन कार्यतालिकाअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान हुँदैछ । निर्वाचन आचारसंहिता, २०८२ मा प्रचारप्रसार निषेध (मौन) अवधिमा उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण उल्लेख छ। सोही अनुसार सबैपक्षबाट आचारसंहितालाई पूर्ण पालना गर्नुपर्ने आयोगले निर्देशन दिएको छ। यद्यपि आयोगले जारी गरेको निर्वाचन आचारसंहिता औपचारिकरूप दलहरूले पालना गर्ने गरेपनि मौन अवधिमै बढी चलखेल हुने विगतको अभ्यास छ । निर्वाचन आचारसंहिता विपरित हुने गतिविधिलाई रोक्न निर्वाचन आयोगले कडाईकासाथ निर्देशन दिएको जनाएको छ । दल तथा उम्मेदवारहरूले मतदाता प्रभावित पार्ने मुख्य समयकारूपमा लिने मौन अवधिलाई लिने गरेका छन् ।

चुनावमा सबैखालका शक्ति प्रयोग गर्ने उम्मेलदवार र दलहरूले मौन अवधिलाई नै बढी प्रभावकारी मानेर अनौपचारिक भेटघाटमा व्यस्त हुने गरेको नागरिक समाजका अगुवाहरूको अनुभव छ । यो अवधिमा एक दलले अर्को दलका गतिविधिलाई समेत नजिकबाट नियाल्ने गरेका छन् । मौन अवधिमा मतदाता प्रभावित पार्ने गतिविधिमा सबैजसो दलहरू सक्रिय देखिन्छन् । यो सँगै एक अर्का दल तथा समर्थकहरूले प्रतिस्पर्धिहरूको क्रियाकलापकाबारे स्थानीय प्रशासन तथा निर्वाचन अधिकृतको कार्यालयमा उजूरी गर्ने गरेका छन् ।

फागुन ४ गतेदेखि राजनीतिक दलले निर्वाचनका लागि प्रचारप्रसार गरी मत माग्दै आएका थिए । त्यसपछिको अवधिमा मतदाताले आफ्नो विवेकको निर्णय आफ्नै अन्तरआत्माले स्वतन्त्रतापूर्वक गर्ने अवसरका निम्ति शान्ति वा निषेध अवधि अनिवार्य हुने र यसले स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्न मद्दत पुर्‍याउने विश्वास गरिएको छ । दलले प्रचारप्रसार गर्ने अन्तिम दिन हिमाली र पहाडी जिल्लामा फागु पूर्णिमा पर्व परेकाले पर्वसँगै निर्वाचन प्रचारप्रसारलाई रौनक बनाएका थिए ।

मतदान हुने दिनको ४८ घण्टाअघिबाट मतदानस्थलको ३०० मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने व्यवस्था पनि गरिएको छ । यसैगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै पनि विद्युतीय माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसार सामग्री पोष्ट वा शेयर गर्न वा गराउन निषेध गरिएको छ। मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको पृष्ठ २ मा

## कसले के नगर्ने

- निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने ।
- मतदान हुने दिनको अठचालीस घण्टाअघि मतदानस्थलको ३ सय मिटरवरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसार सामग्री हटाउनुपर्ने ।
- कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने ।
- एआईको प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा शेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने ।




# सिट २७५ मैदानमा ६६४१ उम्मेदवार

प्रत्यक्ष निर्वाचित हुने १६५ — उम्मेदवार ३४०६ — पुरुष ३०१७, महिला ३८८, अन्य : १

समानुपातिक तर्फबाट निर्वाचित हुने ११० — उम्मेदवार ३१३५ — पुरुष १३६३, महिला १७७२

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १८ फागुन

आगामी बिहीबार हुने निर्वाचनबाट २७५ जना प्रतिनिधिसभा सदस्य निर्वाचित हुनेछन् । १६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन् भने समानुपातिकतर्फबाट ११० जना चुनिन्छन् ।

प्रत्यक्ष निर्वाचित हुने १६५ सिटका लागि ३ हजार ४०६ उम्मेदवार चुनावी मैदानमा रहेका छन् । जसमा ३ हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार छन् । उनीहरू ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलका तर्फबाट प्रतिस्पर्धा गर्दैछन् ।

समानुपातिकतर्फबाट निर्वाचित हुने ११० सिटमा ३ हजार १३५ जना उम्मेदवार छन् । यसमा एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएका छन् ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदान स्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ । १४३ अस्थायी मतदानस्थल तय गरिएको छ । निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका छन् ।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन् । आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २ सय मतपत्र छापेको छ । चार अन्तर्राष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षण गर्दैछन् । यसबीचमा कतिपय उम्मेदवारले आफ्नो उम्मेदवारी निष्क्रिय पारेका छन् । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मध्यपूर्वमा रहेका नेपालीको सुरक्षाका लागि सरकार कटिबद्ध : प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ फागुन

प्रधानमन्त्री सुशीला कार्कीले ठुलो संख्यामा नेपाली कार्यरत मध्यपूर्वमा विकसित घटनाक्रमलाई नेपाल सरकारले सूक्ष्म रूपमा नियालिरहेको बताएकी छन् ।

प्रधानमन्त्री कार्कीले मध्यपूर्वमा रहेका नेपालीहरूलाई सोमबार सम्बोधन गर्दै सरकार हरदम त्यस क्षेत्रमा रहेका नेपालीहरूको साथमा रहेको र नेपाली जहाँ रहे पनि प्रत्येक नागरिकको व्यक्तिगत सुरक्षा र हितको रक्षामा सरकार कटिबद्ध रहेको उल्लेख गरेकी छन् ।

परराष्ट्र मन्त्रालयले मध्यपूर्वी क्षेत्रमा १७ लाख २९ हजार २८८ नेपाली नागरिक वैदेशिक रोजगार तथा विभिन्न पेशा व्यवसायमा रहेको बताएको छ । वैदेशिक रोजगार विभागले साउदी अरेबिया, युएई, कुवेत, पृष्ठ २ मा

### कुवेतमा सुरक्षा सतर्कता उच्च जनजीवन सामान्य बन्दै

**राज मल्ल / मध्यान्ह**
कुवेत, १८ फागुन

मध्यपूर्वमा पछिल्ला दिनहरूमा विकसित घटनाक्रमका कारण कुवेतमा सुरक्षा सतर्कता उच्च बनाएको छ । इजरायल, अमेरिका र इरानबीचको युद्ध सुरु भएको तेस्रो दिनसम्म आइपुग्दा जनजीवन सामान्य रूपमा चलिरहेको भए पनि हवाई यातायातमा रोक जारी छ । कुवेत अन्तर्राष्ट्रिय विमानस्थल बन्द छ भने हवाई सुरक्षा प्रणाली पूर्ण रूपमा सक्रिय पृष्ठ २ मा

# गाउँ फर्किए सात लाख मतदाता




**सपना बोहरा / मध्यान्ह**
काठमाडौं, १८ फागुन

डोकोमा साग राखेर घरघरमा बेच्न हिँडेकी रामेछापकी सुनिता कार्की सोमबार हतारमा थिइन् । उनी भन्दै थिइन्, 'साग किनिदिनुस् न । थोक भाउमै लैजानुस् । भोट हाल्न जानु छ । नाफा नलिएरै सबै तरकारी बेचेर सक्नुपर्ने छ ।'

सोमबार मध्यरातदेखि मौन अवधि लागू भइसकेको छ । चुनावको अघिल्लो दिनदेखि सावरी साधन पनि चल्ने छैनन् भन्ने सूचना पाएपछि उनी डोकोमा तरकारी राखेर बेच्न हिँडेकी हुन् । उनी भोट हाल्न जानकै लागि तरकारी सबै बेचिसक्न घरघर पुगेकी हुन् । अरु बेला अनामनगरको सेतोपुल नजिकको चोकमा उनी तरकारी बेच्थिन् । 'हाम्रो जिल्लाको सबै गइसके । म पनि जाने हो', उनले भनिन्, 'यति तरकारी बेचेर बिहानै जाने हो ।' उनले मंगलबार बिहानका लागि गाडीको टिकटसमेत पृष्ठ २ मा

अजेन्ट आवश्यकता
डकुमेन्टेशन - ५ जना (महिला)
रिसेप्सनिस्ट - ५ जना (महिला)
योग्यता तथा अनुभव :
Salary Negotiable
- साउदी अरबको MOFA सम्बन्धी कार्यमा राम्रो ज्ञान तथा अनुभव भएको हुनुपर्नेछ ।
- नेपालमा डोफे (DOFE) सम्बन्धी काम गर्न सक्ने क्षमता भएको हुनुपर्नेछ ।
- सम्बन्धित क्षेत्रमा कम्तीमा २ वर्षको कार्यअनुभव अनिवार्य ।
Nepal HR Solution
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal,
Mobile: 9852651444, Tel: 01-01-4593555, Email: snepalhr@gmail.com

# निर्वाचन प्रचारप्रसार निषेध अवधिको सुरक्षा व्यवस्था चुस्त बनाइएको छः गृहमन्त्री

**काठमाडौं/मस-**गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचन प्रचारप्रसार निषेध अवधिको सुरक्षा व्यवस्था चुस्त बनाइएको बताएका छन्। प्रतिनिधिसभा सदस्य निर्वाचनको समग्र तयारी, सुरक्षा व्यवस्था, आचारसंहिताको परिपालना र कार्यान्वयनबारे निषेध अवधि सुरु हुने पूर्वसन्ध्यामा आयोग कार्यालय बहादुर भवनमा उनले निर्वाचन सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाइएको बताउँदै ढुक्क भएर मतदान गर्न सकिने व्यवस्था गरिएको जानकारी दिए। मन्त्री अर्यालले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि सबै सुरक्षा संयन्त्र र सरोकारवाला निकायबीचको समन्वय भइरहेकाले भयरहित वातावरणमा निर्वाचन हुने बताए।



सो अवसरमा गृहमन्त्री अर्याल र कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीबीच छलफल भएको थियो। गृहमन्त्री अर्याल, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी तथा मन्त्रालय र आयोगका अन्य पदाधिकारीको उपस्थितिमा छलफल भएको हो।

निर्वाचन कार्यतालिकाअनुसार फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदान हुँदैछ। निर्वाचन आचारसंहिता अनुसार प्रचारप्रसार निषेध (मौन) अवधि समेत सोमबार राति १२ बजेदेखि सुरु हुँदैछ। सो अवसरमा कार्यवाहक प्रमुख आयुक्त भण्डारीले मौन अवधिमा आचारसंहिताको परिपालना गराउन सूक्ष्मरुपमा अनुगमन हुने जानकारी दिए। भण्डारीले आचारसंहिताको परिपालनालाई प्राथमिकतामा राखिएको र उल्लङ्घकर्तालाई कानुनअनुसार कारबाही हुने बताए। छलफलका क्रममा गृहमन्त्री अर्यालसमक्ष निर्वाचनको सम्पूर्ण तयारीबारे जानकारी गराइएको थियो। मतदानपछिको मतपेटिका ढुवानीलगायतमा आयोगले मिलाएको प्रबन्धबारे पनि जानकारी गराइएको थियो। गृहमन्त्री अर्याल तथा कार्यवाहक प्रमुख भण्डारीसमेतले यसअघि सुरक्षाका दृष्टिकोणले अति संवेदनशील तथा संवेदनशील मानिएका निर्वाचन केन्द्रहरूको समेत अनुगमन गरेका थिए। समग्र शान्ति सुरक्षाको अवस्थाका विषयमा आयोगले नियमित रूपमा सम्बन्धित निकायहरूबाट जानकारी लिइरहेको छ। द्विपक्षीय छलफलमा निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधर, आयोगका सचिव कृष्णबहादुर राउत, मन्त्रालयका सचिव राजकुमार श्रेष्ठ, प्रधानमन्त्री सुशीला कार्कीका मुख्य सल्लाहकार अजयभद्र खनाललगायतका पदाधिकारीहरूको उपस्थिति थियो।

# निर्वाचन टोली बोकेको ट्रक दुर्घटना
## मतदान अधिकृत र प्रहरीका असईको मृत्यु

**काठमाडौं/मस-** रामेछाप नगरपालिका-२ देउरालीस्थित सिरुबारीमा भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। यही फागुन २१ मा हुने निर्वाचनका लागि खटिएको निर्वाचन टोली लिएर जाँदै गरेको ना४ख ६७६८ नम्बरको मिनी ट्रक सोमबार दिउँसो दुर्घटनामा परेको थियो। दुर्घटनामा एक जनाको घटनास्थलमा र अर्का एक जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।



घटनास्थलमै मृत्यु हुनेमा प्रहरी सहायक निरीक्षक आरपी यादव र साघुटार वडा कार्यालय 'ख' मतदान केन्द्रमा निर्वाचन अधिकृतका रूपमा खटिएका रुद्राक्षेश्वर मावि मुगिटारका शिक्षक डोरप्रसाद घिमिरेको मन्थली अस्पतालमा उपचारका क्रममा मृत्यु भएको मन्थली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट केशवसिं धामीले जानकारी दिए।

दुर्घटनामा सात जना घाइते भएका छन्। घाइतेमध्ये जिल्लाको खाँडादेवी गाँउपालिका-४ का ४७ वर्षीय सब्बरबहादुर मानन्धर, भीमबहादुर मानन्धर, रामेछाप नगरपालिका-२ का २८ वर्षीया सविना खड्का, मन्थली नगरपालिका-३ का ४७ वर्षीय केदारकुमार रोक्का र सर्लाहीको लालबन्दी नगरपालिका स्थायी ठेगाना भई हाल भीमेश्वर प्रसुन कँडेल माविका शिक्षक कृष्णप्रसाद घिमिरे र ठेगाना नखुलेकी २५ वर्षीया दुर्गा कार्कीलाई सेनाको हेलिकप्टरबाट थप उपचारका लागि काठमाडौं ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उक्त गाडी देउराली र साँघुटार गरी तीन वटा 'बुथ'का निर्वाचन सामग्री, सुरक्षाकर्मी र मतदान अधिकृतसहितको टोली लिएर गइरहेको थियो। मावि देउरालीको निर्वाचन सामग्री बुझाएर सिरुबारी र हिमगंगा मावि साँघुटारमा रहेका दुई वटा मतदान केन्द्रका सामग्री लिएर जाँदै गरेको अवस्थामा गाडी दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी राजनप्रसाद तिमिल्सिनाले जानकारी दिए। गाडी सडकबाट करिब २०० मिटरभन्दा तल खसेको थियो।

### सिट २७५...

निर्वाचन आयोगका अनुसार उम्मेदवारी फिर्ता लिने समय सकिएकाले अब कसैले आफ्नो उम्मेदवारी निष्क्रिय गरे पनि मतपत्रमा कायम रहनेछ।

निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार आगामी बिहीबार हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि निर्वाचनको व्यवस्थापन र कर्मचारी खटनपटनका सबै काम सम्पन्न भइसकेका छन्। मतदान अधिकृतहरू पनि मतदान केन्द्र र स्थलमा गइसकेका छन्। मतदानको प्रक्रियाका लागी आवश्यक सामग्रीहरू पनि सबै पुगिसकेका छन्।

मतदानअघिको ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जलेसम्म आयोगले प्रचारप्रसार निषेध अवधि तोकेको छ। निर्वाचन व्यवस्थापनका क्रममा यो अवधिको विशेष अर्थ र महत्व रहन्छ। यो अवधिमा राजनीतिक दल, उम्मेदवार, सञ्चारकर्मी, सञ्चारमाध्यम, मतदातालगायत सरोकारवाला सबै पक्षले पालना गर्नुपर्ने विशेष आचरण तोकिएको छ।

निर्वाचन आयोगका अनुसार कुनैपनि निर्वाचनमा उम्मेदवारी मनोनयन पछि औपचारिक रूपमा प्रचारप्रसार अवधि तोक्ने गरिन्छ। यसअन्तर्गत यही फागुन ४ गतेदेखि १८ गतेसम्मका लागि निर्वाचन प्रचारप्रसारको समय निर्धारण गरिएको थियो। सोमबार राति १२ बजेबाट मौन अवधि सुरु भएको हो । यो मतदानको प्रक्रिया सुरु भएर सम्पन्न नभएसम्म कायम रहन्छ।

प्रचारप्रसार निषेध अवधिमा निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न पाइँदैन। कुनैपनि निर्वाचन प्रचारप्रसारको सामग्री तुल, पोस्टरहरू राखेको छ भने त्यो हटाउनुपर्छ। मौन अवधिमा एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न पाइँदैन।

### उम्मेदवार...

काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा पुऱ्याउने कार्य गर्न नहुने पनि निर्वाचन आचारसंहिता, २०८२ मा उल्लेख छ।

आचारसंहिताको इमान्दारीपूर्वक पालना र कार्यान्वयनले सजग मतदाता तयार पार्न र निर्वाचनको निष्ठा प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास गरिएको सहायक प्रवक्ता जिसीले बताए। संविधानले प्रदान गरेको अधिकारअनुसार निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन, नियन्त्रण, समन्वय तथा सम्पूर्ण व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको आयोगले जनाएको छ। निर्वाचन आयोगका कार्यबाहक प्रमुख रामप्रसाद भण्डारीले मौन अवधिलाई सबै पक्षबाट मौन बनाएर मतदातालाई स्वस्फूर्त निर्णय गर्ने अधिकारको सुनिश्चितता गर्न गराउन अनुरोध गरेका छन्। प्रतिनिधिसभा सदस्य निर्वाचनको समग्र तयारी, सुरक्षा व्यवस्था, आचारसंहिताको परिपालना र कार्यान्वयनबारे भएको छलफलमा उनले यस्तो बताए। सो छलफलमा सुरक्षालाई भरपर्दो र प्रभावकारी बनाइएको बताउँदै ढुक्क भएर मतदान गर्न भण्डारीले आग्रह गरेका छन्। सोही छलफलपछि गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि सबै सुरक्षा संयन्त्र र सरोकारवाला निकायबीचको समन्वय भइसकेकाले भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने बताए।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचलाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नु सबैको साझा दायित्व भएको बताएका छन्। सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै उनले निर्वाचनले लोकतान्त्रिक अभ्यासलाई अझ विश्वस्त र परिपक्व बनाउने विश्वास व्यक्त गरे। 'सबै मिलेर लोकतन्त्रको रक्षा, सामाजिक न्यायको प्रवर्द्धन र विकासको यात्रालाई अझ सुदृढ बनाउने सङ्कल्पका साथ यस ऐतिहासिक निर्वाचनमा सहभागी बनौँ', उनले भनेका छन्, 'मतभिन्नता स्वाभाविक भए पनि सहिष्णुता, मर्यादा र विधिको शासनप्रति सम्मान हाम्रो साझा मूल्य हुनुपर्दछ।'

निर्वाचन पछिल्ला उपलब्धिको रक्षा र प्रवर्द्धन गर्दै नयाँ सम्भावनातर्फ अघि बढ्ने युगीन आवश्यकता भएको उल्लेख गरे। निर्वाचनले नै विकास, समृद्धि, सामाजिक न्याय र उन्नतिको यात्रालाई नवीन ढङ्गले परिभाषित गर्दै नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गरेका छन्। राष्ट्रिपति पौडेलले भनेका छन्, 'निर्वाचन हाम्रो राजनीतिक इतिहासको एक जटिल परि स्थितिको निकासका रूपमा हुन गइरहेको छ। यो निर्वाचन केवल प्रतिनिधि चयन गर्ने संवैधानिक प्रक्रिया मात्र नभई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यात्रालाई अझ व्यापक, विश्वसनीय र सुदृढ बनाउने ऐतिहासिक अवसर हो। त्यसैले यो निर्वाचनलाई सफल बनाउनु हाम्रो साझा काम र ऐतिहासिक दायित्व हो।'

सुशासन, सामाजिक न्याय, उत्तरदायी शासन र सेवा प्रवाहका क्षेत्रमा अझ धेरै काम गनुपर्ने आश्यकता औँल्याउँदै राष्ट्रपति पौडेलले आगामी निर्वाचनले त्यही भावधारालाई संस्थागत गर्दै लोकतन्त्रलाई नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गरे। उनले सबै राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, सञ्चारमाध्यम र सम्बन्धित निकायलाई निर्वाचन प्रक्रियालाई शान्तिपूर्ण, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न पूर्ण प्रतिबद्ध रहन आग्रह गरे। 'नयाँ संविधानमार्फत समावेशी राज्य संरचना सुनिश्चित भएको छ,' उनले भने, 'यस निर्वाचनले निरङ्कुशताविरुद्ध लामो सङ्घर्ष र बलिदान गरेको अघिल्ला पुस्ता र त्यसमा आफ्नो जीवन बलिदान गर्ने सहिदहरूको सपना, नवयुवाहरूको सुशासनको माग, पारदर्शिता र जवाफदेहिताप्रतिको अपेक्षा पूरा गर्नेछ।'

### मध्यपूर्वमा...

कतार, बाहराइन, ओमान, इराक, यमन, लेबनान, टर्की, जोर्डन र इजरायलसमेतका देशहरूमा वैदेशिक रोजगारीका निम्ति दिइने व्यक्तिगत र संस्थागत श्रम स्वीकृति स्थगित गरेको छ।

युएईमा इरानको आक्रमणबाट आइतबार गोरखाको भीमसेन थापा गाउँपालिका वडा नं. ७ बोर्लाङ ठाँटीका दिवस श्रेष्ठको मृत्यु भएको थियो। अबुधाबीस्थित नेपाली दूतावासले दिएको जानकारीअनुसार मिडल इस्ट कम्पनीमा सेक्युरिटी गार्डका रूपमा कार्यरत २९ वर्षीय दिवस श्रेष्ठ गोरखाका स्थायी बासिन्दा हुन्। अबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलामा ड्रोन निष्क्रिय पार्ने क्रममा उनको निधन भएको बताइएको छ।

हाल अन्य नेपाली असुरक्षाको कारणले स्वदेश फर्किन पाए हुन्थ्यो भन्ने अवस्था नरहेको बताएका छन्। युएईमा त्रासका बीच यातायात चलेको, सुपरमार्केट खुला रहेको, केही क्षेत्र घरबाट काम गर्न भनिए पनि नियमित काममा आउने-जाने गरिरहेको बताइएको छ।

युएईले इरानी प्रहारको प्रतिरक्षा गरिरहेको र आफ्नो मुलुकमा रहेका कामदारसहित अन्य विदेशीलाई पूर्णरूपमा सुरक्षा दिने बताएको छ। कतिपयले भने सरकारले दिएको सुरक्षाको आश्वासनपछि पनि डर र त्रास रहेको बताएका छन्।

आबुधाबीस्थित नेपाली दूतावासकी प्रवक्ता तथा उपनियोग प्रमुख रञ्जिता दाहालले त्यहाँ रहेका नेपालीहरूबाट विभिन्न जिज्ञासा राख्दै तारन्तार फोन गर्ने गरेको बताएकी छन्। तर समस्यामा परेर कसैले सोमबार साँझसम्म दूतावासको सहयोग मागेका छैनन्।

भर्खरै कामका लागि पुगेका नेपालीहरू बढी चिन्तित छन्। उनीहरूलाई पकेट मनीको समेत अभाव रहेको बताइएको छ। अधिकांशले लडाइँ कति लामो होला भन्ने चिन्ता व्यक्त गरेका छन्। यता गैरआवासीय नेपाली संघ (एनआरएनए)का प्रमुख कार्यकारी अधिकृत राजेन्द्र राउतले मध्यपूर्वका विभिन्न देशबाट नेपालीहरूको चिन्ता र सरोकार आइरहेको बताएका छन्। कतार एयरवेजका सबै उडानहरू रद्द गरिएको छ। कतारी हवाई क्षेत्र बन्द भएकाले एयरलाइन्सले आफ्ना सबै उडान अस्थायी रूपमा स्थगित गरेको जनाएको छ।

कतार नागरिक उड्डयन प्राधिकरणले हवाई क्षेत्र सुरक्षित रूपमा पुनः सञ्चालन गर्न सकिने घोषणा गरेपछि मात्र उडान सेवा पुनः सुरु गरिने कम्पनीले स्पष्ट पारेको छ। इरानमाथि आक्रमणसँगै आफ्नोतर्फबाट सबै अन्तर्राष्ट्रिय उडान स्थगित गरेको कतार एयरवेजले मंगलबार बिहान ९ बजे नयाँ निर्णय सार्वजनिक गरिने बताइएको छ।

### कुवेतमा...

राखिएको छ। सुरक्षा निकायका अनुसार, पछिल्ला दिनमा आकाशमा देखिएका धेरै ड्रोनहरू निष्क्रिय पारिएका छन्। पहिलो दिन विमानस्थल नजिक ड्रोन आक्रमण प्रयास भएको थियो। ड्रोन खस्दा केही स्थानमा टुक्रा झरेर धुवाँ उठेको देखिन्थ्यो, जसले स्थानीय बासिन्दामा त्रास सिर्जना गरेको थियो।

यस घटनाक्रममा एक जना आप्रवासी कामदारको ज्यान गएको छ भने ३५ भन्दा बढी व्यक्ति घाइते भएका छन्। घाइतेहरू अस्पतालमा उपचाररत छन् र धेरैको अवस्था सुधारोन्मुख रहेको सुरक्षा निकायले जनाएको छ।

सुरक्षालाई ध्यानमा राख्दै कुवेतको गृह मन्त्रालयले समुद्रमा याट र मनोरञ्जन डुंगा सञ्चालनमा रोक लगाएको छ। साथै, क्याम्पिङ स्थलमा नजान, बाहिर भीडभाड हुने कार्यक्रम नगर्न र अनावश्यक रूपमा बाहिर ननिस्कन सर्वसाधारणलाई अनुरोध गरिएको छ।

यसैबीच, कुवेतस्थित नेपाली दूतावासले सबै नेपाली नागरिकलाई सतर्क रहन, अनावश्यक हिँडडुल नगर्न र आधिकारिक सूचना मात्रै पछ्याउन आग्रह गरेको छ। गैरवासीय नेपाली संघ (एनआरएनए) कतार तथा नेपाल पत्रकार महासंघ कुवेत शाखाले पनि नेपाली समुदायलाई सुरक्षित रहन, अफवाहमा नपर्न र आपसमा जानकारी साटासाट गर्न आग्रह गरेका छन्।

कुवेत सरकारले सबै नागरिक र आप्रवासीलाई सजग रहन अनुरोध गर्दै अत्यावश्यक वस्तुको मूल्य एक महिनासम्म नबढाउन निर्देशन दिएको छ। निर्यात अस्थायी रूपमा रोकिएको छ भने सुरक्षा निकायहरूले हवाई र स्थल सुरक्षा प्रणाली सक्रिय राखेर अवस्थाको निरन्तर निगरानी गरिरहेका छन्।

### गाउँ...

लिइसकेकी छन्। जनकपुरका सन्तोष यादवलाई रातोपुलमा चटपटे बनाउन भ्याइनभ्याइ हुन्थ्यो। चटपटे बनाउने काम छाडेर उनी सोमबार बिहानै जनकपुर लागे। उनी भोट हाल्नका लागि घर गएका हुन्। 'उमेदवारले भोट हाल्नका लागि बोलाएको बोलाइ छन्, भोट हाल्न गाउँ जान लागेको,' उनले चटपटे खान आएका ग्राहकहरुलाई भनिरहेका थिए, 'अब चुनाव सकेर आउने हो।'

यसपटक चुनाव र होली सँगै परेको छ। पहाडी क्षेत्रमा सोमबार फागु पूर्णिमा मनाइयो भने तराई-मधेशमा मंगलबार मनाइँदै छ। यादवसँगै चुनाव र होली मनाउन अरु सात जना साथीहरू पनि जनकपुर गएका छन्। 'भोट हालेन भने नेता रिसाउँछ, केही समस्या पऱ्यो भने आफ्नो नेतालाई भन्नुपर्छ,' उनले भने, 'भोट नै हालेन भने पछि कोसँग समस्या सुनाउनु?'

सुनिता र सन्तोष मात्र होइन, विभिन्न जिल्लाबाट कामका लागि काठमाडौं बस्दै आएका हजारौंले उपत्यका छाडिरहेका छन्। मतदाताहरू घर फर्किएपछि काठमाडौंमा बस्ती र बजार पातलिएको छ। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार, ७ लाखको हाराहारीमा मतदाताहरूले उपत्यका छाडेका छन्। 'फागुन ४ गतेदेखि १७ गतेसम्म करिब ७ लाखले उपत्यका छोडेका हुन्', काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी नायव उपरिक्षक सुनिलजंग शाहले भने, 'विभिन्न जिल्लाका सवारी साधनमा गएका यात्रीको आधारको तथ्यांक हो।'

फागुन २१ गते हुने निर्वाचनमा भोट हाल्न जाने मतदाताहरुको चाप बसपार्कमा देखिन्छ। काठमाडौं बाहिरिने प्रमुख नाकाहरू कोटेश्वर, कलंकी, बल्खुलगायतका स्थानमा बिहान र बेलुकी यात्रुहरूको भिड लाग्ने गरेको छ। काठमाडौंमै स्थायी बसोबास गरिरहेकाहरू पनि भोट हाल्न गाउँ फर्किंदैछन्। मंगलबारसम्म नै यात्रुको चाप उच्च हुने अनुमान काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयको छ। विभिन्न दल र उम्मेदवारहरूले सवारी साधनको व्यवस्थासमेत मिलाएका छन्। पार्टीका समर्थक र कार्यकर्ता ओसार्न गाडी रिजर्भ गरेर लैजान उम्मेदवारहरूले प्रतिनिधि नै खटाएका छन्।

# प्रभावकारी बन्दै विद्यालयमा 'शून्य फोहोर कार्यक्रम'

**बाँके/मस-** नेपालगन्ज उपमहानगरपालिकाभित्रका विभिन्न विद्यालयमा सञ्चालित 'शून्य फोहोर कार्यक्रम' प्रभावकारी बन्दै गएको छ।



सरोकारवालाले कार्यक्रमको प्रभावकारिताको विषयमा अनुगमन गर्ने क्रममा विद्यालय तथा विद्यार्थीहरूमा फोहोर व्यवस्थापन, फोहोरको वर्गीकरण र वातावरणमैत्री व्यवहारमा सकारात्मक परिवर्तन देखिएको बताएका हुन्। विद्यालयहरूमा 'रिड्युस, रियुज र रिसाइकल' को अभ्यास, प्लास्टिक न्यूनीकरण तथा विद्यार्थीहरूमा वातावरण संरक्षणसम्बन्धी सचेतना अभिवृद्धि भएको पाइएको जनाइएको छ।

कार्यक्रम सञ्चालित श्री देउतादिन माध्यमिक विद्यालय, नारायण मावि, धम्बोजी मावि, सरस्वती मावि, दारुल उलम बर्सतिया मावि, ज्ञानोदय विद्या निकेतन र फुलटेक्रा माविमा अनुगमन गरिएको थियो। नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्माले कार्यक्रमले विद्यालयस्तरबाटै दिगो वातावरणीय अभ्यासको सुरुवात गरिएको उल्लेख गर्दै यसलाई दीर्घकालीन रूपमा निरन्तरता दिन आवश्यक रहेको बताए।

शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापाले विद्यार्थीमार्फत विद्यालय र समुदायसम्म सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे। सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशीले कार्यक्रममार्फत विद्यालयमा देखिएको सुधार उत्साहजनक रहेको भन्दै आगामी दिनमा थप विद्यालयमा कार्यक्रम विस्तार आवश्यक रहेको बताए।

सो कार्यक्रमअन्तर्गत विद्यार्थीलाई फोहोर तथा फोहोरसम्बन्धी अभ्यासहरुको परिचय, फोहोर वर्गीकरण यसको बुझाइ, 'थ्री आर' विधि, फोहोरबाट कम्पोष्टको उत्पादन, फोहोर जलाउँदा हुने असरहरु, विद्युतीय फोहोर व्यवस्थापन र फोहोर र जलवायु परिवर्तनको विषयमा कक्षा सञ्चालन गरिएको छ।

यसबाट विद्यालय परिसर सफा, स्वच्छ र वातावरणमैत्री बन्न सहयोग पुगेको सरोकारवालाहरूको भनाइ छ। विद्यालयमा शून्य फोहोर अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन भएमा स्थानीय तहको समग्र वातावरण व्यवस्थापनमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

द कोकाकोला फाउन्डेसनको आर्थिक सहयोगमा बास नेपाल र स्वच्छ सफा नेपालद्वारा सञ्चालित ग्रिन नेपालगन्ज सामुदायिक फोहोर रुपान्तरण परियोजनाअन्तर्गत सञ्चालित विद्यालयमा शून्य फोहोर कार्यक्रमको आइतबार अनुगमन गरिएको हो।

अनुगमनमा नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामहरि शर्मा, शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख गोर्खबहादुर थापा, सामाजिक विकास अधिकृत कृष्णप्रसाद जोशी, बास नेपालका केन्द्रीय अध्यक्ष शिवकुमार वर्मालगायत सहभागी थिए।

# आगलागीका घटनामा वृद्धि

**काठमाडौं/मस-** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका अनुसार, यही फागुन १६ गते बिहान १० देखि १७ गते बिहानसम्म देशभर कुल २३ वटा विपद्का घटना घटेका छन्। त्यसमध्ये २२ वटा घटना आगलागीसँग सम्बन्धित थिए। एउटा मात्रै पहिरोको घटना थियो।

सामान्य सावधानी अपनाउँदासमेत जोगिन सकिने आगलागीका कारण धनमालको क्षति भएको प्राधिकरणले जनाएको छ। विपद्मा परेर एक जनाको ज्यान गएको छ भने पाँच जना घाइते भएका छन्। विपद्का कारण ५२ लाख ४५ लाख रुपैयाँ बराबरको क्षति भएको छ।

प्राधिकरणका अनुसार, पाँचथर, झापा, मोरङ, सुनसरी र धनकुटामा आगलागी भएका छन्। यस्तै, सप्तरी, धनुषा, पर्सा र कैलालीका दुई स्थानमा आगलागीका घटना हुँदा सर्लाही, धनुषा, मकवानपुर, काभ्रेपलाञ्चोक, काठमाडौं, गोरखा, लम्जुङ, पाल्पा र प्यूठानका एक-एक स्थानमा आगलागी भएका छन्।

बिजुलीको तार सर्ट भएको तथा दियो बालेर त्यत्तिकै छाडेका कारण आगलागी भएको जनाइएको छ। हिउँदमा सुक्खा बढी हुनाले आगलागीका घटनामा वृद्धि हुने हुँदा विशेष सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ।

प्राधिकरणका अनुसार यही फागुन १६ गते कुल आठ वटा विपद्का घटनामध्ये सात वटा आगलागीका मात्रै थिए। फागुन १५ गते प्राधिकरणमा दर्ता भएका कुल १९ वटा घटनामध्ये १७ वटा घटना आगलागीका थिए। यस आधारमा देशभर आगलागीका घटनामा वृद्धि भएको पाइएको छ।

# लागुऔषधसहित तीन जना पक्राउ

**काठमाडौं/मस-** लागुऔषधसहित मोरङ र झापाबाट तीन जना पक्राउ परेका छन्। केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापाको गौरीगञ्ज गाउँपालिका-२ बाहुन टोलबाट लागुऔषध ब्राउनसुगरसहित कमल गाउँपालिका-४ साधु टोलका ३३ वर्षीय राजेश नेम्वाङ पक्राउ परेका हुन्।

यसैगरी, विराटनगर महानगरपालिका-१६ दरैयाबाट खैरो हेरोइनसहित सुनसरीको धरान उपमहानगरपालिका-११ का २७ वर्षीय रिचन्द लिम्बु र २४ वर्षीय तेन्जिङ शेर्पालाई पक्राउ गरी आवश्यक कारबाही अघि बढाइएको छ। अभियुक्तहरू भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका बेला पक्राउ परेका हुन्।

# सबै मतदातालाई निर्वाचनमा सरिक हुन प्रधानमन्त्रीको आह्वान



**काठमाडौं/मस–** प्रधानमन्त्री सुशीला कार्कीले देशलाई राजनीतिक स्थायित्व र समृद्धिको मार्गमा अघि बढाउनका लागि सबै मतदातालाई प्रतिनिधिसभा निर्वाचनमा सरिक हुन आह्वान गरेकी छिन् ।

प्रधानमन्त्री कार्कीले सोमबार राष्ट्रका नाममा सम्बोधन गर्दै आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर निर्णय लिन आह्वान गरेकी हुन् ।

प्रधानमन्त्रीले भनिन्,'भोट हाल्नु भनेको केवल चुनाव चिह्नमा छाप लगाई कसैलाई जिताएर पठाउनु मात्र होइन, यो त तपाईंले आफ्नो र आफ्नो सन्तानको भविष्य कस्तो बनाउने भनेर लिने निर्णय हो ।'

यही फागुन २१ गते बिहीबारका दिन अरू काम छाडेरै भए पनि आफ्नो मतदान केन्द्रमा पुगेर मतदान गर्नुहुन म हार्दिक अपिल गर्दै भनेकी छिन्,'निर्वाचनको सँघारमा म सबैलाई शान्ति र अमनचयन कायम राख्न अनुरोध गर्दछु, शान्ति नै नेपालको असली पहिचान हो ।'

प्रधानमन्त्री कार्कीले एउटा विशेष घडीमा आफूले मनका केही कुरा राख्न चाहेको उल्लेख गर्दै देश फेरि इतिहासको महत्वपूर्ण मोडमा आइपुगेको र यही फागुन २१ गतेका दिन आफ्नो र आफ्नो देशको भविष्यको फैसला गर्ने बताएकी छिन् ।

'इतिहासकै यो कठिन मोडमा प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेर देशलाई नेतृत्व दिनुलाई मैले आफ्नो मातृभूमिप्रतिको जिम्मेवारीका रूपमा लिएकी छु,' प्रधानमन्त्री कार्कीले भनिन्,'मैले सधैं न्याय र निष्ठाको पक्षमा उभिएर काम गर्ने प्रयास गरें। अब केही दिनमा यो देशको बागडोर तपाईंहरूले चुन्ने प्रतिनिधिहरूको हातमा पुग्नेछ, आउनुहोस्, होलीको खुसी साटौं, फागुन २१ गतेको निर्वाचनलाई शान्तिपूर्ण, स्वच्छ र ऐतिहासिक बनाऔं ।'

प्रधानमन्त्री कार्कीले जेनजी आन्दोलनपछिको त्यो परिस्थिति जटिल, संवेदनशील र चुनौतीपूर्ण थियो । सडकमा युवाको आक्रोश, डर भएको उल्लेख गर्दै प्रधानमन्त्रीले भनिन्,'त्यो कठिन संक्रमणलाई व्यवस्थापन गर्दै, हिंसात्मक मोडबाट शान्तिपूर्ण निकासतर्फ देशलाई डोऱ्याउनु र संविधानको बाटोमा फर्काउनु हाम्रो पहिलो कर्तव्य थियो ।'

प्रधानमन्त्री कार्कीले चुनावी मैदानमा रहनुभएका सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूलाई उम्मेदवारीका लागि धन्यवाद दिँदै भनिन्,'तपाईंहरूको सक्रियताले नै हाम्रो लोकतन्त्र जीवित रहने हो, चुनावमा स्वस्थ प्रतिस्पर्धा हुन्छ, फरक विचार हुन्छ, तर हामीबीच मनमुटाव र वैमनस्य हुनु हुँदैन ।'

मौन अवधिमा पूर्ण अनुशासन पालना गर्न र त्यसअघिको बाँकी समयमा संयमित ढंगले, एक-अर्कालाई सम्मान गर्दै उनले निर्वाचन प्रचार-प्रसार गर्न म सबै राजनीतिक दल, उम्मेदवार तथा समर्थकहरूलाई आग्रह गरेकी छिन् ।

'यस महान् कार्यमा खटिनुभएका निर्वाचन आयोग, सुरक्षा निकायका साथीहरू र सम्पूर्ण राष्ट्रसेवक कर्मचारीलाई म विशेष धन्यवाद दिन चाहन्छु,'प्रधानमन्त्री कार्कीले आफ्नो सम्बोधनमा भनिन्,' तपाईंहरूको निष्पक्षता र मेहनतले नै यो निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित बनाउनेछ ।' प्रधानमन्त्री कार्कीले सांस्कृतिक पर्व होली अर्थात् फागु पूर्णिका अवसरमा रङहरूको यो उत्सव र निर्वाचनको यो तयारी दुवै हाम्रा लागि उत्तिकै अर्थपूर्ण रहेको बताइन् ।

'आज मलाई सन्तोष लागेको छ कि हामी त्यो कठिन संक्रमण पार गरेर यहाँसम्म आइपुगेका छौं । विधिको शासन स्थापित गर्दै, संविधानको मार्गमा स्थिरताका साथ अघि बढ्न सफल भएका छौं,' प्रधानमन्त्रीले कार्कीले भनिन्,'यो उपलब्धि तपाईं-हामी सबै नेपाली जनताको संयम र सहकार्यको परिणाम हो ।'

प्रधानमन्त्री कार्कीले निर्वाचन आयोगले छोटो र कठिन समयमा कार्यतालिकाबमोजिम सबै तयारी पूरा गरेको उल्लेख गर्दै निर्वाचन निष्पक्ष, स्वच्छ र भयरहित रूपमा सम्पन्न गर्न नेपाल सरकार र आयोग पूर्ण प्रतिबद्ध रहेको बताइन् ।

'प्रदेश र स्थानीय सरकारले आफ्नो सीमाभित्र रही निर्वाचन तयारीमा महत्वपूर्ण सहयोग पुऱ्याएका छन्, नेपाल सरकारका चारवटै सुरक्षा संयन्त्रले निर्वाचन सुरक्षामा कुनै कमी हुन नदिन आफ्ना सबै स्रोत-साधन परिचालन गरेका छन्,'प्रधानमन्त्री कार्कीले आफ्नो सम्बोधनमा भनिन्,'राष्ट्रपतिले गर्नुभएको अभिभावकीय सहयोगप्रति व्यक्तिगत रूपमा म र वर्तमान सरकार हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।'

छोटो समयमा नेपालले निर्वाचन व्यवस्थापन गर्न सकेकामा मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट पनि उत्साहजनक साथ र प्रतिक्रिया प्राप्त गरेको र निर्वाचन व्यवस्थापनमा वस्तुगत, नगद तथा प्राविधिक सहयोग प्रदान गर्ने मित्रराष्ट्रहरूलाई सबैलाई प्रधानमन्त्री कार्कीले धन्यवाद दिइन् ।

साथै, उनले संयुक्त राष्ट्र संघीय निकायहरूबाट प्राप्त सहयोगका लागि पनि आभारी व्यक्त गरिन् ।

'सामाजिक सञ्जाल र आमसञ्चारका केही माध्यमबाट तथ्यहीन र कृत्रिम सामग्री तथा भ्रामक भविष्यवाणी फैलाएर वातावरण धमिल्याउन खोज्ने तत्वहरूलाई सरकारले निगरानीमा राखी कानुनको दायरामा ल्याइरहेको पनि तपाईंहरूलाई जानकारी गराउँदछु,' प्रधानमन्त्री कार्कीले आफ्नो अपिलमा भनेकी छिन्,'साथै त्यस्ता भ्रममा नपर्न, त्यस्ता तत्वको पछि नलाग्न र मुलुकसामु आएको ऐतिहासिक दायित्व जिम्मेवारीपूर्वक निर्वाह गर्न म सबै देशवासीलाई विनम्र आग्रह गर्दछु ।'

प्रधानमन्त्री कार्कीले मुलुकमा कुनै पनि प्रकारको दण्डहीनतालाई प्रश्रय दिने काम सरकारबाट नहुने उल्लेख गर्दै कानुनबमोजिम गर्नुपर्ने जुनसुकै तहको कारबाहीमा सरकार पछि नहट्ने बताइन् ।

# घरघरमा स्वच्छ पानी पुऱ्याउने दलहरूको प्रतिबद्धता

**काठमाडौं/मस–** नेपालका प्रमुख राजनीतिक दलहरूले आसन्न निर्वाचनलाई लक्षित गर्दै सार्वजनिक गरेका घोषणापत्रहरूमा स्वच्छ खानेपानीलाई मुख्य 'एजेन्डा'का रूपमा अघि सारेका छन् ।


सुरक्षित, नियमित र गुणस्तरीय पिउने पानीको अभाव अझै पनि देशका धेरै क्षेत्रको प्रमुख समस्या रहेको भन्दै विभिन्न प्रमुख राजनीतिक दलले दीर्घकालीन योजना र संरचनात्मक सुधारका प्रतिबद्धता व्यक्त गरेका हुन् ।

मुख्य दलले स्वच्छ खानेपानीलाई जनस्वास्थ्य, लैंगिक समानता, जलवायु अनुकूलन र दिगो विकाससँग जोड्दै प्राथमिकतामा राखेका छन् ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघका अध्यक्ष राजेन्द्र अर्यालले विभिन्न राजनीतिक दलको ल्याएका घोषणापत्रमा राखिएका खानेपानीका व्यवस्थापनका योजना राम्रो रहे पनि बजेट व्यवस्थापन, आयोजना कार्यान्वयन, स्रोत संरक्षण र पारदर्शितामा प्रभावकारी सुधार नगरेसम्म प्रतिबद्धता व्यवहारमा उतार्नु चुनौतीपूर्ण रहेको बताए ।

**नेपाली कांग्रेसको प्रतिज्ञा : 'सफा पानी, स्वस्थ जिन्दगानी'**

नेपाली कांग्रेसले आफ्नो प्रतिज्ञापत्रमा 'सफा पानी, स्वस्थ जिन्दगानी' नारासहित सबै नागरिकलाई स्वच्छ पानीमा पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ। वर्षाको पानी संकलन, भूमिगत जल पुनर्भरण, मुहान संरक्षण तथा पुराना पोखरी, कुवा, धारो र चापाकलको वैज्ञानिक पुनःनिर्माणमार्फत दिगो आपूर्ति व्यवस्था मिलाइने उल्लेख गरिएको छ ।




दलले जलवायु परिवर्तनका कारण सुक्दै गएका पानीका स्रोत संरक्षणलाई प्राथमिकतामा राख्दै समुदाय केन्द्रित व्यवस्थापन प्रणाली लागू गर्ने जनाएको छ। घण्टौं हिँडेर पानी बोक्नुपर्ने अवस्थाको अन्त्य गर्न मुहानदेखि घरधुरीसम्मको वितरण प्रणालीलाई उच्च प्राथमिकतामा अघि बढाइने योजना छ ।

साथै, मेलम्चीलगायतका निर्माणाधीन सहरी तथा ग्रामीण खानेपानी आयोजना समयमै सम्पन्न गरी स्वच्छ पानीको पहुँच विस्तार गर्ने प्रतिबद्धता पनि कांग्रेसले व्यक्त गरेको छ ।

**एमाले घोषणापत्र : मासिक १० हजार लिटरसम्म पानी निःशुल्क**

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले आगामी पाँच वर्षभित्र सबै निर्माणाधीन खानेपानी आयोजना सम्पन्न गर्ने र प्रत्येक परिवारलाई मासिक १० हजार लिटरसम्म पानी निःशुल्क उपलब्ध गराउने घोषणा गरेको छ ।

एमालेले तराईका जिल्लामा नदीबाट पानी ल्याई थोक वितरण प्रणालीमार्फत आपूर्ति गर्ने योजना अघि सारेको छ । आगामी दुई वर्षभित्र सबै घरधुरीमा आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने र पाँच वर्षभित्र गुणस्तरीय पानीमा पूर्ण पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। पानी व्यवस्थापनमा जिआइएस नक्साकंन, स्मार्ट वितरण प्रणाली, चौबिसै घण्टा आपूर्ति, सुक्खाग्रस्त क्षेत्रका लागि वैकल्पिक व्यवस्था तथा विपद् पूर्वतयारी योजना लागू गरिने उल्लेख छ । साथै, जलवायु वित्तको निश्चित हिस्सा मुहान संरक्षणमा लगानी गर्ने, जलाधार क्षेत्र, सिमसार, ताल-तलैया र नदी संरक्षणमा जोड दिने प्रतिबद्धता जनाएको छ ।

**नेकपाको घोषणा :**
**पाँच वर्षमा घरघरमा सफा पानी**

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले ग्रामीण तथा सहरी विकाससँगै खानेपानीलाई प्राथमिकतामा राख्दै पाँच वर्षभित्र सबै नेपालीको घरमा सफा पिउने पानी उपलब्ध गराउने घोषणा गरेको छ ।

दलले व्यवस्थित बस्ती विकास, २० सहरलाई 'स्मार्ट सिटी' र १ सय ग्रामीण बस्तीलाई 'स्मार्ट भिलेज' बनाउने लक्ष्य सार्वजनिक गरेको छ । 'एक परिवार, एक आवास इकाइ' अवधारणाअन्तर्गत पाँच वर्षमा पाँच लाख नयाँ आवास इकाइ निर्माण गर्ने योजना पनि घोषणापत्रमा समावेश गरिएको छ ।

# ललितपुर इन्सेकद्वारा निर्वाचन पूर्व अनुगमन

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १८ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि ललितपुरमा भएको पूर्वतयारीका सम्बन्धमा इन्सेकले सोमबार अनुगमन गरेकोमा निर्वाचनको तयारी पूरा भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

अशक्त, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी तथा काखमा बच्चासहित मतदान गर्न उपस्थित महिला तथा किरियापुत्री समेतलाई अलग्गै लाइनमा राखि मतदानको सहज व्यवस्थापन गर्न सम्पूर्ण मतदान अधिकृतलाई अभिमूखीकरणमा निर्देशन दिइएको मुख्य निर्वाचन अधिकृत एवम् ललितपुर क्षेत्र नं. ३ का निर्वाचन अधिकृत पुनाराम खनालले बताए ।

विशेष अवस्थामा रहेका त्यस्ता मतदातालाई केहीबेर आराम गराउनु छुट्टै बेन्चमा बसेर आराम गर्ने व्यवस्था गर्न समेत निर्देशन दिइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।

ललितपुर क्षेत्र नं. १ मा महाङ्काल गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र बागमती गाउँपालिकाका साथै गोदावरी नगरपालिका वडा नं. १२ र १४ बाहेकका १२ वटा वडाहरु रहेका छन् भने यो क्षेत्रमा जिल्लाको ८० प्रतिशत भूगोलमा ५३ मतदान स्थलमा एक सय मतदान केन्द्र रहेका छन् ।

क्षेत्र नं. १ मा ३८ हजार आठ सय ४० जना महिला र ३८ हजार आठ सय ९७ जना पुरुषसहित ७७ हजार सात सय ३७ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी गोमा धमला घिमिरेले बताइन् ।

क्षेत्र नं. २ मा ३९ मतदान



स्थलमा एक सय चारवटा मतदान केन्द्र रहेका छन् । जहाँ ४३ हजार दुई सय ९८ जना महिला र ४५ हजार सात सय ८४ जना पुरुषसहित ८९ हजार ८२ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी घिमिरेले बताइन् ।

क्षेत्र नं. ३ मा ३९ मतदान स्थलमा एक सय १४ वटा मतदान केन्द्र रहेका छन् । जहाँ ४९ हजार चार सय ११ जना महिला र ५३ हजार २६ जना पुरुषसहित एक लाख दुइ हजार चार सय ३७ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी घिमिरेले बताइन ।

जिल्लाको क्षेत्र नं. १ को किटीनी मावि मतदान केन्द्र, गोदावरी, क्षेत्र नं. २ को पाटन मावि, पाटनढोका र क्षेत्र नं. ३ को जावलाखेल फुटबल मैदान मतदान स्थलमा निर्वाचनमा सम्पूर्ण मतदान कर्मचारी महिला मात्र रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ। ती मतदान स्थललाई महिलामैत्री मतदान स्थल भनिएको स्थानीयवासीले बताए ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेश संयोजक शिवप्रसाद खकुरेलको नेतृत्वमा गरिएको अनुगमनका क्रममा मुख्य निर्वाचन अधिकृत एवम् ललितपुर क्षेत्र नं. ३ का निर्वाचन अधिकृत पुनाराम खनाल, जिल्ला प्रहरी परिसर ललितपुरका एसपी एवम् सूचना अधिकारी गौतम मिश्र, ललितपुर क्षेत्र नं. २ का निर्वाचन अधिकृत सम्झना सिम्खडा पुडासैनीलगायसँग भेटघाट र छलफल गरिएको थियो ।

मुख्य निर्वाचन अधिकृत एवम् ललितपुर जिल्लाका मुख्य न्यायाधीश पुनाराम खनालले जिल्लाका सबै मतदान केन्द्रहरुमा कर्मचारीहरु खटाइ सकिएको जानकारी दिए । निर्वाचनका लागि खटाइएका कर्मचारीहरु फागुन १७ गतेदेखि सम्बन्धित मतदान केन्द्रतर्फ निर्वाचन सामग्रीसहित प्रस्थान गरिसकेको बताए ।

मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सहायक कर्मचारीहरुलाई तालिम दिएको, जिल्ला तहमा सर्वदलीय बैठक राखेर निर्वाचन आचारसंहिता बारे राजनीतिक दलहरुलाई जानकारी गराएको बताए ।

उहाँले निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग भएको नदेखिएको र मतदान केन्द्रहरुलाई अपाङ्गता मैत्री बनाउने प्रयास गरिएको मुख्य निर्वाचन अधिकृत खनालले बताए ।

जिल्लामा आचार संहिता उल्लङ्घनका खासै उजुरी नआए पनि क्षेत्र नं. २ मा एउटा राजनीतिक दलले उल्लङ्घन गरेको मौखिक उजुरी आएकामा मौखिकरुपमा सचेत गराइएको २ नं. निर्वाचन अधिकृत सम्झना सिम्खडा पुडासैनीले बताइन् ।

जिल्ला प्रहरी परिसर ललितपुरका एसपी एवम् सूचना अधिकारी गौतम मिश्रले निर्वाचनका लागि आवश्यक सुरक्षाका सबै तयारी पूरा भएको बताए ।

मतदानस्थलको सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेना आवश्यकता अनुसार परिचालन भइसकेको बताए ।

अनुगमनको टोलीले ललितपुरका विभिन्न स्थानमा निर्वाचन आचार संहिता उल्लङ्घन भए/ नभएको अनुगमन गरेको थियो ।

जिल्लामा केही मतदान स्थल खुल्ला चौर तथा बिहार परिसरमा राखिएकाले त्यसको भौतिक तथा प्राविधिक सुरक्षाका लागि के कस्तो व्यस्था गरिएको छ भन्ने जिज्ञासामा मुख्य निर्वाचन अधिकृतको कार्यालयले टेण्टको व्यवस्था गरिएको र विद्यालयहरुमा कक्षा कोठाभन्दा बाहिर बरण्डामा मतपेटिका राख्ने व्यवस्था गरिएको जानकारी दिएको छ ।

अनुगमन टोलीले सम्वन्धित निकाय सँगको भेटवार्ताका क्रममा निर्वाचन शान्तिपूर्ण, निष्पक्ष तथा भयरहित बनाउन सबै निकायबीच आवश्यक समन्वय गर्नुपर्ने इन्सेक बागमती प्रदेशका संयोजक शिवप्रसाद खकुरेलले बताए ।

# तराईका जिल्लाहरूमा होली पर्व मनाइँदै

**काठमाडौं/मस–** रंगहरूको पर्व होली आज तराईका जिल्लाहरूमा मनाइँदै छ । पहाडमा सोमबार नै होली मनाइएको थियो । त्यसको एक दिनपछि तराईमा होली मनाउने चलन छ ।

होलीको अवसरमा सरकारले आज तराईका जिल्लाहरूमा सार्वजनिक बिदा दिएको छ। पहाडी जिल्लामा पनि सोमबार बिदा थियो।

स्थानअनुसार मनाइने होलीको नाम पनि फरक-फरक छ । हिमाली र पहाडी भेकमा 'फागु पूर्णिमा' र तराई-मधेशमा 'होली' भनिन्छ। मैथिली भाषामा भने होलीलाई



'फगुआ' र 'होरी' भन्ने गरिन्छ ।

तराई-मधेशका अधिकांश क्षेत्रमा पूर्णिमाको भोलिपल्ट होली पर्व मनाइने चलन भए पनि प्राचीन मिथिलाको राजधानी जनकपुधाममा अन्तरगृह परिक्रमा सकेको भोलिपल्ट होली पर्व मनाइने गरिएको छ ।

पन्ध्र दिने मिथिला परिक्रमा सहभागी तीर्थयात्री जनकपुधामको परिक्रमा गरी आ-आफ्नो गन्तव्यमा पुग्ने गरेका कारण होली मनाइने चलनमा यहाँ केही फरक देखिएको हो । यस अवसरमा यहाँका नाट्य संस्थाको होरी गायन प्रतियोगिता र महामूर्ख सम्मेलन लोकप्रिय छ ।

सबैलाई एउटै रंगमा रंगाउने होली पर्व समानता र सद्भावको प्रेरणा स्रोत रहिआएको छ । हिन्दू, मुस्लिम, सिख, इसाई, मंगोल, किराँत, राई आदिमा एकताको सन्देश दिँदै यस पर्वले सबैको मनमा उमंग एवं उत्साहको सञ्चार गर्दै आएको छ ।

असत्यमाथि सत्यको, छलमाथि निष्छलताको र अधर्ममाथि धर्मको विजयको प्रतीक होलीले अनेकतामा एकता कायम गर्दै आएको छ ।

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
**जलस्रोत तथा सिंचाइ विभाग**
**सिंचाइ तथा जलश्रोत व्यवस्थापन आयोजना, भरतपुर, चितवन**

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना (सि.नं. १ देखि ३) र बोलपत्र स्वीकृत गर्ने आशयको सूचना (सि.नं. ४ देखि ७)**

**प्रकाशित मितिः २०८२/११/१९**

यस सिंचाइ तथा जलश्रोत व्यवस्थापन आयोजना, भरतपुर, चितवनवाट आ. व. २०८२/०८३ मा आयोजनाको कार्यक्षेत्र अन्तर्गत विभिन्न स्थानहरुमा पहिरो र नदी नियन्त्रण तथा व्यवस्थापनका कार्यहरु गर्न मिति २०८२/१०/१४ गते news 24 राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार मिति २०८२/११/१५ गते दिनको १२:०० बजे भित्र ई-बिड प्रकृयाद्वारा दर्ता हुन आएका रित पुगेका बोलपत्रहरुको सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ज) उपनियमहरु ३ र ४ बमोजिम प्राविधिक प्रस्तावहरु परीक्षण हुँदा तपशिल बमोजिमका (सि.नं. १ देखि ३) बोलपत्रहरु सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सोही नियमावलीको नियम ३१ (ज) को उपनियम ५ बमोजिम यस आयोजना कार्यालयको आयोजना प्रमुखको कार्यकक्षमा मिति २०८२/११/२६ गते दिनको १२:३० बजे आर्थिक प्रस्ताव खोलिने भएकोले उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम |
|---|---|---|
| १. | IWRMP/NCB/NRMW/RB/05-082/083 | Ethical Engineering Enterprises Pvt. Ltd., Pepsicola, Kathmandu |
| २. | IWRMP/NCB/ DEVGHAT LMW/01- 082/083 | G.S.-M.P. JV, Bharatpur-08, Chitwan |
| ३. | IWRMP/NCB/ARKHALA LMW/01- 082/083 | Ruru Construction Pvt. Ltd., Kathmandu |
| | | Ethical Engineering Enterprises Pvt. Ltd., Pepsicola, Kathmandu |
| | | Krishu-Skilled Star J/V, Kushlechaur-17, Kathmandu |
| | | New Benjamen- Unique- Prabhu Kaushika J.V., Madhyapur Thimi-09, Bhaktapur |
| | | Jun Tara Construction, Devchuli-09, Nawalparasi (Bardaghat Susta East) |

साथै सि.नं. ४ देखि ७ सम्मका ठेक्काको बोलपत्र परीक्षण हुँदा तपशिल बमोजिमका बोलपत्र न्यून मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र छनौट भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रायोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | न्यून मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कवोल अंक (मू.अ.कर समेत) रु. |
|---|---|---|---|
| ४. | IWRMP/NCB/ERRMW/02-082/083 | Guru Brihaspati Construction Pvt. Ltd., Hetauda, Makwanpur | 1,03,06,720.11 |
| ५. | IWRMP/NCB/ERRMW/03-082/083 | Abishek Construction, Hetauda | 1,37,73,027.99 |
| ६. | IWRMP/NCB/ KAYAR RMW/ 01-082/083 | Januka Construction, Madi Municipality 07, Chitwan | 64,55,272.39 |
| ७. | IWRMP/NCB/MADI RMW/01-082/083 | Januka Construction, Madi Municipality 07, Chitwan | 1,09,07,791.33 |

**आयोजना प्रमुख**

मध्यान्ह
www.madhyanhadaily.com
१९ फागुन २०८२ मंगलबार
3 March 2026 Tuesday

सम्पादकीय

## मौन अवधिको पालना होस्

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सोमबार मध्यरातिदेखि मौन अवधि सुरू भएको छ । निर्वाचन आयोगले फागुन ४ गतेदेखि दिएको प्रचारप्रसारको अवधि सकिएको छ । अब मतदान सम्पन्न नभएसम्म कुनै पनि प्रकारको प्रचार, भेला, भाषण, समीक्षा वा मत माग्ने गतिविधि गर्न पाइँदैन । यस्तो संहिताले निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन मद्दत पुऱ्याउँछ । किनभने निर्वाचनको अन्तिम समयमा मतदातामाथि प्रभाव पार्ने अनेकन प्रयास हुन्छन् । आर्थिक प्रलोभन, दबाब वा भ्रम फैलाउने गतिविधि हुन सक्छन् । त्यसैले आयोगले मौन अवधिमा निर्वाचनलाई प्रभाव पार्नेगरी त्यस्ता गतिविधि गरेको पाइए उम्मेदवारी खारेजीसहित छ वर्षसम्म निर्वाचनमा भाग लिन नपाउने कडा व्यवस्था गरेको छ । यसको कडाइका साथ कार्यान्वयन हुनु आवश्यक छ ।

मौन अवधिको उद्देश्य मतदातालाई शान्त वातावरणमा सोच्ने अवसर दिनु हो । प्रचारप्रसारका क्रममा आएका आश्वासन, आरोप–प्रत्यारोप र बहसलाई एकपटक गम्भीरतापूर्वक मूल्यांकन गरेर योग्य उम्मेदवार छान्न यसले सहयोग पुऱ्याउने विश्वास गरिन्छ । लोकतन्त्रमा मतदाताको विवेक नै सबैभन्दा ठूलो शक्ति हो । त्यसलाई स्वतन्त्र रूपमा प्रयोग गर्न पाउने वातावरण राज्यले सुनिश्चित गर्नुपर्छ । अर्को, निर्वाचन व्यवस्थापनका दृष्टिले पनि मौन अवधि महत्वपूर्ण छ । देशभर १० हजार ९६७ मतदान स्थल र २३ हजार ११२ मतदान केन्द्रमा आवश्यक तयारी कार्य भइरहेको छ । लाखौं मतदाता सहभागी हुने यस निर्वाचनका लागि सुरक्षा निकाय, कर्मचारी र निर्वाचन प्रहरी खटिएका छन् । मौन अवधिमा सामाजिक सञ्जालमार्फत एसएमएस, फेसबुक वा भाइबरबाट मत माग्नसमेत नपाइने व्यवस्था छ । डिजिटल माध्यमबाट हुने चुनावी प्रचार अझ प्रभावकारी हुन सक्छ, त्यसैले यसतर्फ निगरानी आवश्यक छ । मौन अवधिमा आमसञ्चार माध्यमले पनि जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्नुपर्छ ।

करिब एक करोड ८९ लाख मतदाता सहभागी हुने यो निर्वाचनले हाम्रो लोकतान्त्रि अभ्यासलाई अझै परिपक्व बनाउने छ । यति ठूलो जनसहभागिता भएको लोकतान्त्रिक प्रक्रियालाई विश्वसनीय बनाउन सके मात्र सार्वभौम जनताको अभिमतको सम्मान हुने छ । त्यसका लागि उम्मेदवार र दलले आचारसंहिताको पूर्णतः पालना गर्नुपर्छ भने मतदाताले पनि कुनै लोभ–लालचमा नपरी विवेकपूर्ण निर्णय गर्नुपर्छ । शान्त, भयरहित र निष्पक्ष वातावरणमा निर्वाचन गराउन सम्बद्ध सबै पक्षले मौन अवधिलाई सम्मान गर्नु अनिवार्य छ ।

# निष्पक्ष निर्वाचनका लागि सम्यक सञ्चार

धर्म/संस्कृति



● एकराज पाठक

विकसित देशहरूमा मतदाताले आफ्ना उम्मेदवार हरूसँग प्रायः सञ्चारमाध्यम (मिडिया) मार्फत मात्र भेट्ने गर्दछन् । कैयौँ देशका उम्मेदवारले आफ्ना योजना, कार्यक्रम अर्थात् एजेन्डा टेलिभिजन बहसका माध्यमबाट राख्ने गरेको पाइन्छ । अहिले त यस्ता बहसका लागि युट्युब लगायत अन्य 'सोसियल प्लेटफर्म' पनि उपलब्ध छन् । अनि जनताले यसैमार्फत् ती उम्मेदवारप्रति धारणा बनाउँछन् । उम्मेदवारका योजना, कार्यक्रमप्रतिको प्रतिक्रिया पनि मिडियामार्फत् नै दिने गर्दछन् । त्यसैले निर्वाचनमा मिडियाको भूमिका माध्यम मात्र नभएर साधन नै हो भन्दा पनि हुन्छ ।

चुनावका बेलामा उम्मेदवार, मतदाता र मिडियाका बीचमा त्रिपक्षीय सञ्चार अर्थात् सम्बन्ध स्थापित हुने गर्दछ । मिडिया, मतदाता र उम्मेदवार यो साइकलमा आपसी सम्बन्ध राख्छन् र एकले अर्काप्रति गर्ने सञ्चारको माध्यम नै बन्ने गर्दछन् । मिडिया अन्यत्र पहरेदार बनेजस्तै यहाँ भने मतदाता र उम्मेदवारका विचार प्रवाहका माध्यम र एक अर्काका सेतु बन्ने गर्दछन् । यतिखेर पनि नेपालमा मिडियाको भूमिका यस्तै नै छ । उम्मेदवार र मतदाताबीचका धेरै कुरा मिडिया मार्फत् नै सञ्चार भइरहेको देखिएको छ ।

आफूले मत दिनुपर्ने उम्मेदवारको छनोटका लागि हिजो उसले के काम गरेको थियो र भोलिका एजेन्डा र प्रतिबद्धता के हुन् भन्ने जानकारी नागरिक अर्थात् मतदाताले मिडियामार्फत नै लिने गर्दछन् । यी सबै सूचना प्राप्त गर्न तथा उम्मेदवार र मतदाताका बीचमा प्रभावकारी रुपमा सञ्चार गर्न मिडिया बाहेकको अर्को कुनै प्रभावकारी माध्यम नागरिकसामु छैन । त्यसैले निर्वाचनका बेला मिडियाका लागि अलग्गै आचारसंहिता जारी हुन्छ र मिडियाको भूमिकाको कुशल व्यवस्थापन आवश्यक पनि रहन्छ । चुनावका समयमा नागरिकले आफ्ना राजनीतिक दल या उम्मेदवारप्रतिका अपेक्षा, माग, गुनासा र समस्या राख्ने भरपर्दो माध्यम मिडिया नै हुन् ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्प पहिलो पटक र त्यसअघिका राष्ट्रपति बाराक ओबामा पनि त्यहाँको सरकारी तहमा अथवा कुनै राजनीतिक दलको उच्च ओहदामा रहेर चिनिएका व्यक्ति थिएनन् । निर्वाचन अभियानमा मतदाताले उनीहरूका विचार, योजना र कार्यक्रमलाई मन पराए र मत दिए । अनि उनीहरूका विचार तथा कार्यक्रमलाई जनतासँग साक्षात्कार गराइदिने काम मिडियाले नै गरेका हामीले देखेका थियौं ।

अर्को एउटा फरक प्रसंग के छ भने कतिपय देशमा मिडियाले नै कुनै उम्मेदवारलाई मत दिनुपर्ने तर्क नै अघि सार्ने पनि गरेका हुन्छन् । तर नेपालमा भने निर्वाचनका समयको मिडियाको यो कार्य अपवाद बन्न सक्छ, किनभने यहाँ मिडियाले त्यसो गर्दा कुनै उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिन पनि सक्छन् । कुनै पार्टी या उम्मेदवारलाई मत दिनुपर्ने कारण मिडियाले सार्वजनिक रुपमै प्रस्तुत गरिदिन्छन् तर, कुनै पक्षधरता नभएर विषयका आधारमा ।

मिडियाका ती तर्क र कारणहरु कसैप्रति विभेदपूर्ण हुँदैनन्, तथ्यमा आधारित हुन्छन् । यस्तो कार्य मिडियाले स्वतन्त्र र तटस्थ रूपमा गरेको हुन्छ । मिडियाले सार्वजनिक रुपमा स्थापित गरिदिएको यो परिस्थितिबाट नागरिकलाई पनि आफूले मत दिने उम्मेदवार छन्न सहज हुने गर्दछ । यस कामका लागि मिडियाले कुनै उम्मेदवारलाई धोइ पखाली नगरी जस्ताको तस्तै प्रस्तुत गरिदिन्छ । मिडियाले तर्क या आधारविना नै कुनै पक्ष, उम्मेदवार या पार्टी विशेषको पक्षधरता लिएर वकालत गर्न भने मिल्दैन ।

यो पनि एक प्रकारको मतदाता शिक्षा नै हो र यसले नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार कसरी प्रयोग गर्ने भनेर जानकारी प्रदान गर्ने गर्दछ । मिडियाले हरेक नागरिकलाई आफ्नो लोकतान्त्रिक अधिकार प्रयोग गर्ने अथवा निर्वाचनमा मतदान गर्ने तरिकाका बारेमा शिक्षा प्रदान गर्दछ । यसमा दुई प्रकारको सन्देश




हुन्छ । पहिलो नागरिकले किन आफ्नो मताधिकार प्रयोग गर्ने भन्ने हुन्छ भने अर्को प्रक्रियागत रूपमा नै मतदान कसरी गर्ने भनेर दिइने जानकारी समेटिएको हुन्छ । यी दुई सन्दशेमा नै सही र राम्रो विधायक किन र कसरी छान्ने भन्ने कुरा पनि पर्दछ ।

निर्वाचन प्रक्रियाको रिपोर्टिङ गर्ने क्रममा नै राजनीतिक पार्टी र उम्मेदवारलाई मतदातासँग संवाद गर्ने अवसर मिडियाले जुटाइदिन्छन् । सर्वसाधारणले आफ्ना जिज्ञासा र गुनासा, सरोकार, विचार र आवश्यकताका बारेमा राजनीतिक दल, उम्मेदवार, निर्वाचन गर्ने निकाय, सरकार तथा आफूजस्तै मतदातालाई जानकारी दिने र आपसी अन्तर्क्रिया गर्ने अवसर पनि मिडियाले नै प्रदान गर्ने गर्दछन् ।

यसरी मिडियाले सामाजिक उत्तरदायित्वको सिद्धान्तको आत्मसात गरी निर्वाचनका समयमा काम गर्ने गर्दछ । निर्वाचन प्रणालीबारे साक्षरता बढाउने विधिका रूपमा पनि मिडियाको भूमिका रहन्छ । कम मत खस्ने तथा खसेका मतमध्ये पनि कतिपय मत बदर हुने जस्ता समस्याको समाधान गर्न मिडियाले प्रशिक्षकको भूमिका मार्फत योगदान गर्न सक्छ ।

लोकतान्त्रिक प्रणालीलाई जीवन्त बनाइराख्न आवधिक निर्वाचन अनिवार्य सर्त हो । जब कुनै पनि बहाना खोजेर निर्वाचन 'आज नगरौँ पछि गरौँ' भन्ने प्रपञ्चमा कुनै सरकार लाग्छ भने त्यो सरकारमा स्वतः लोकतान्त्रिक आचरणको कमी देखिन्छ । भनिन्छ, प्रजातन्त्रमा जनताले निर्वाचित नगरेका कुनै व्यक्तिले शासन गर्न पाउँदैनन् । दुनियाँमा विद्यमान लोकतन्त्रको मान्यता पनि यही हो । लोकतन्त्रलाई जीवन भर्न आवश्यक पर्ने केही तत्वमध्ये निर्वाचन सबैभन्दा महत्वपूर्ण र अत्यावश्यक तत्व हो । अनि आवधिक निर्वाचनलाई निष्पक्ष रूपमा सफल बनाउन सुसूचित नागरिकको सहभागिता पनि त्यत्तिकै आवश्यक पर्दछ । त्यसैले निर्वाचनका समयमा मिडियाको महत्व रहेको हुन्छ ।

विश्वका बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्था भएका लोकतान्त्रिक राज्यमा स्वीकारिएको मत र विधि निर्वाचन नै हो । त्यसैले निर्वाचन र यससँग जोडिने हरेक प्रक्रियामा मिडियाको भूमिका महत्वपूर्ण र संवेदनशील रहने गर्दछ । मतदाताको मत दिने अधिकार हो भने उम्मेदवारको मत माग्ने अधिकार । यी दुवै अधिकारको सम्मान मिडियाबाट पनि सम्यक रुपमा हुनुपर्दछ । कुनै उम्मेदवारले आफ्नो मतमाग्ने अधिकार प्रयोग गरेको अवस्थालाई पक्षधरता लिएर माथि पुर्याइदिने र अर्को कुनै उम्मेदवारले त्यही अधिकार प्रयोग गर्दा त्यसमाथि उपेक्षा गरिदिने जस्ता मिडियाका व्यवहार असन्तुलित ठहरिन्छन् ।

किनभने त्यहाँ मतदाता एकैथरि छन् तर उनीहरुसँग मत माग्ने उम्मेदवार भने कैयौँ छन् । चुनावका बेलामा मिडियाले पुर्याउनुपर्ने खास विवेक भनेकै यही हो । जुन पक्षधरताविहीन हुनुपर्दछ र सबै दल, उम्मेदवार र मतदाताप्रति सन्तुलित र सम्यक दृष्टिकोण राख्नुपर्दछ ।

अघिल्लो अर्थात् विसं २०७९ को प्रतिनिधिसभाको निर्वाचनलाई पनि एउटा सफलताको कथाका रूपमा हामीले लिन सक्दछौँ । किनभने शान्ति सुरक्षासहित एकैदिन देशभर मतदान, निष्पक्ष निर्वाचन, पर्चा पम्प्लेट बिना नै देशव्यापी रुपमा गरिएको चुनाव प्रचार, सामाजिक सञ्जालामा देखिएको मिथ्या सूचना र भ्रमपूर्ण अभिव्यक्तिको नियन्त्रण त्यस चुनावका राम्रा उदाहरणहरू हुन् ।

मिडियाले यी राम्रा उदाहरणलाई सफलताका कथाका रूपमा प्रचार गरिदिने हो भने यसले निर्वाचनसम्बद्ध निकाय र कर्मचारीलाई अबका निर्वाचनमा पनि राम्रा र सकारात्मक उदाहरणलाई अनुसरण गर्न प्रेरणा मिल्नेछ । त्यसैगरी पछिल्लो समयमा घट्दै गएको बदर मत संख्या तथा राजनीतिक दलहरुले आफैँले आफ्ना निर्वाचन क्षेत्रमा पुगेर दिएका जानकारीहरु पनि निर्वाचनका सकारात्मक उदाहरण हुन् ।

त्यसैले निर्वाचनका समयमा मिडिया आफैँ स्वतन्त्र र निष्पक्ष हुनु जरुरी छ । कतै ढल्किएको या तर्किएको मिडियाका कारण निर्वाचनको निष्पक्षतामाथि नै असर गर्न सक्छ । मिडियाको तागत निष्पक्षता, स्वतन्त्रता र निर्भयतामा नै छ । कसैको लोभलालचमा फसेको मिडियासँग दरिलोसँग प्रश्न गर्ने दम नै हुदैन । अभाव, दबाब र प्रभावबाट मुक्त मिडियाले मात्र सही प्रश्न उठान गर्न सक्छ र सामाजिक चेतनाका लागि जनता जगाउन सक्छ । अनि यस्ता मिडियाले मात्र मुलुकमा निष्पक्ष निर्वाचनका लागि सघाउन सक्छ ।

यसकारण मिडिया सदैव स्वतन्त्रता भन्ने शब्दसँगै जोडिएर आउने गर्दछ । स्वतन्त्रता र निष्पक्षता मिडियाको स्वभाव र कामका पर्यायवाची शब्द हुन् । कुनै खेलका 'रेफ्री' ले जति निष्पक्षतापूर्वक खेल सञ्चालन गर्न सघाउँछ त्यति नै त्यो खेल मर्यादित भएजस्तै मिडियाले पनि 'रेफ्री'को भूमिका निर्वाह गर्नसक्दा सामाजिक मर्यादा कायम रहन्छ । निर्वाचनका बेलामा पनि मिडियाको यस्तै भूमिका सर्वत्र अपेक्षित हुन्छ ।

समग्र मिडिया एवं सामाजिक सञ्जालका प्रयोगकर्ताले पनि आजका दिनमा बुझ्नुपर्ने कुरा के हो भने अहिलेको निर्वाचन फरक र विशेष खालको हो । हुनत सबै निर्वाचनले कुनै न कुनै सन्देश र फरक अवस्था या प्रसंग बोकेकै हुन्छ । तर पनि देशमा भएका धेरै पटक र खालका आन्दोलनमध्ये गत भदौमा भएको आन्दोलन फरक विषय र परिवेशको थियो । कुनै राजनीतिक पार्टीले अघि सारेको नभएर जेनजी पुस्ताले थालेको आन्दोलनबाट नै राज्यसत्तामा ठूलो परिवर्तन आयो र अहिले त्यो आन्दोलनको छ महिनामा नै निर्वाचन हुन गइरहेको छ ।

सो आन्दोलनले शासन सत्तामा युवा पुस्ताको सहभागिता र सुशासनको प्रत्याभूतिको माग अघि सारेको थियो । यिनै दुई परिस्थितिको आवरणभित्र यो चुनाव हुन गइरहेको छ । त्यसैले यो चुनाव आवधिक नभएर आकस्मिक हो र सहज नभएर असहज अवस्थामा हुन गइरहेको छ । यस पटकको निर्वाचनमा अघिल्ला निर्वाचनमा जस्तो तयारीका लागि आवश्यक समय पनि थिएन । यसकारण पनि यो निर्वाचनको विशेषता र विशिष्ठता बुझेर देशका मिडिया तथा सबै राज्य संयन्त्रले आवश्यक सहयोग गर्नुपर्ने अवस्था छ ।

***(लेखक पाठक राससका समाचार महाशाखा उपप्रमुख हुन् ।)***

# होली पर्व : रंग, संस्कृति र एकताको अनुपम उत्सव

धर्म/संस्कृति



● तारा पौडेल

*प्रकृतिमा नयाँ पालुवा, फूल र हरियाली फैलिने समयमा मनाइने भएकाले होलीले जीवनमा नवउर्जा, उमंग र सकारात्मक सन्देश बोकेको हुन्छ । नेपालमा पहाडी र तराई क्षेत्रमा होली फरक–फरक दिन मनाउने परम्परा छ । पहाडी क्षेत्रमा फागुन शुक्ल पूर्णिमाको दिन होली मनाइन्छ भने तराई–मधेश क्षेत्रमा भोलिपल्ट अर्थात् चैत कृष्ण प्रतिपदाका दिन धुमधामका साथ मनाइन्छ ।*

होली पर्व हिन्दू धर्मावलम्बीहरूको प्रमुख चाडमध्ये एक हो । यसलाई रंगहरूको पर्व, फागु पर्व वा फागु पूर्णिमा पनि भनिन्छ । नेपाल, भारत लगायत दक्षिण एसियाका विभिन्न देशहरूमा ठूलो उत्साहका साथ मनाइने यो पर्व विशेष गरी वसन्त ऋतुको आगमनसँग जोडिएको छ ।

प्रकृतिमा नयाँ पालुवा, फूल र हरियाली फैलिने समयमा मनाइने भएकाले होलीले जीवनमा नवउर्जा, उमंग र सकारात्मक सन्देश बोकेको हुन्छ । नेपालमा पहाडी र तराई क्षेत्रमा होली फरक-फरक दिन मनाउने परम्परा छ । पहाडी क्षेत्रमा फागुन शुक्ल पूर्णिमाको दिन होली मनाइन्छ भने तराई-मधेश क्षेत्रमा भोलिपल्ट अर्थात् चैत कृष्ण प्रतिपदाका दिन धुमधामका साथ मनाइन्छ ।

प्राचीन हिन्दू कथाअनुसार हिरण्यकश्यप नामक असुरराज अत्यन्त अहंकारी थियो । उसले आफूलाई नै भगवान् ठान्थ्यो र सबैलाई आफ्नै पूजा गर्न बाध्य पार्थ्यो । तर उसका छोरा प्रह्लाद भने भगवान् विष्णुका परम भक्त थिए । प्रह्लादले बाबुको आदेश नमानेर विष्णुको भक्ति गर्न छोडेनन् ।

हिरण्यकश्यपले छोरा प्रह्लादलाई विभिन्न यातना दियो, तर पनि उनलाई केही हुन सकेन । अन्ततः उसले आफ्नी बहिनी होलिकालाई प्रयोग गर्ने योजना बनायो । होलिकासँग आगोले नजलाउने वरदान थियो । त्यसैले प्रह्लादलाई काखमा राखेर आगोमा बस्न भनियो । तर भगवान विष्णुको कृपाले प्रह्लाद सुरक्षित रहे र होलिका नै जलेर नष्ट भइन् ।

यस घटनाले असत्य र अहंकारमाथि सत्य र भक्तिको विजय भएको सन्देश दिन्छ । यही विजयको सम्झनामा होलिका दहन गरिन्छ, जसले दुष्ट शक्तिको अन्त्य र शुभ शक्तिको विजयलाई प्रतीकात्मक रूपमा दर्शाउँछ ।

यसैगरी, होली पर्व भगवान् कृष्णसँग पनि जोडिएको छ । वृन्दावन र मथुरामा कृष्णले गोपिनीहरूसँग रंग



खेलेको कथा प्रख्यात छ । त्यसैले होलीलाई प्रेम, हाँसो र रमाइलोको पर्व पनि मनाउने गरिन्छ ।

नेपालमा होली पर्व ऐतिहासिक रूपमा पनि महत्वपूर्ण छ । काठमाडौंको वसन्तपुर दरबार क्षेत्रमा ' चीर' ठड्याउने परम्परा छ । फागुन शुक्ल अष्टमीका दिन दरबार क्षेत्रमा बाँस गाडेर विभिन्न रंगीन कपडाले सजाइन्छ, जसलाई 'चीर' भनिन्छ । पूर्णिमाको दिन त्यसलाई ढालेर दहन गरिन्छ, जसलाई होलिका दहन भनिन्छ । काठमाडौं, भक्तपुर र ललितपुरमा विशेष रूपमा युवायुवतीहरू समूह बनाएर रंग खेल्ने, पानी छ्याप्ने, संगीतमा नाच्ने र शुभकामना आदान-प्रदान गर्ने चलन छ ।


तराई क्षेत्रमा भने होली अझ बढी उत्साहका साथ मनाइन्छ । एकअर्कालाई अबिर, रंग, पानी, पिचकारी लगायत प्रयोग गरी रंग रोगनसँग खेल्ने गरिन्छ ।

पछिल्लो समयममा यो पर्व नेपालमा झण्डै सबै क्षेत्र र समुदायका मानिसहरू सहभागी भएर मनाउने गरिएको पाइन्छ । जसले समाजमा आपसी मेलमिलाप बढाउने र सकारात्मक सोच विकास गर्ने माध्यमका रूपमा पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

विगतमा होली पर्वमा विशेष गरी फागु गीत, लोकगीत र आधुनिक गीत गाउने चलन थियो । तर, पछिल्लो समयमा भने नवपुस्ताले आफ्नो रूचीअनुसारका गीत संगीतमा रमेर यो चाडसँग रमाउने गरेका छन् । जसले होलीको वास्तविक पहिचानको संरक्षणमाथि पनि चिन्ता पैदा गरेको छ ।

त्यस्तै, यो पर्वमा हालका वर्षहरूमा रासायनिक रंगको प्रयोग बढेको छ, जसले छाला र आँखामा समस्या निम्त्याउन सक्छ । त्यसैले यो पर्व मनाउँदा प्राकृतिक रंग प्रयोग गर्नुपर्ने सन्देश दिन आवश्यक छ ।

## सामाजिक सञ्जाल



**निलाम्बर आचार्य**

शक्तिशालीले जहिले जहाँ जे गरे पनि भएको छ ।
कस्तो संसार हो यो ?
केही साझा मान्यता त हुनुपर्छ,
जसको पालन गरिनुपर्छ ।
खोइ विकसित भनिएको मानिसको मानवता ?
संसार राम्रोतिर मोडियोस ।



**ध्रुबहरि अधिकारी**

शास्त्रोक्त वचन :
श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ सम्परीत्य
विविनक्ति धीर : । (कठोपनिषत्)
मनपर्ने र भलो गर्ने दुईथरी कुरा मानिसका अगाडि आइपुग्दछन् । बुद्धिमान् ले यसमा खूब विवेक गर्नुपर्छ । बुद्धिमान् ले मन पर्ने कुरालाई भन्दा भलो गर्ने कुरालाई छान्छ । मूर्खले मन पर्ने कुरालाई रोज्छ ।



**अनिल गिरि**

खाडीमा १८ लाख नेपालीलाई हेर्ने मुस्किलले ५० जना कूटनीतिज्ञहरू होलान नेपाली दूताबासहरूमा ! दरबन्दी थप्यो कोलाहाल हुन्छ, विरोध हुन्छ जब संकट आउँछ अनि तिनै दूताबास र मान्छेको खोजी हुन्छ ! यस्तो दोगला र संकुचित तबरले देश, कुटनीति र दूताबास चल्दैन ! चाहिने ठाउँमा मिसन र मान्छे थप !



**राजेन्द्र दाहाल**

पिकनिक जाँदा जसले बढी हसाउँछ, रमाइलो गर्छ, चकित पार्छ, सबै त्यतै झुम्मिन्छन् किनभने पिकनिक आएकै रमाइलो गर्न, एकछिनका निम्ति दुःख-झन्झट बिर्सनका लागि हो ।
तर,चुनाव पिकनिक होइन ।
ख्यालख्याल गर्ने र रामरमितामा रमाउने अवसर त हुँदै होइन ।
खै, कसरी बुझाउने ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# बझाङमा १ सय ८३ मतदान केन्द्रमा मतदान सामग्री र कर्मचारी खटाइयो

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १८ फागुन

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ। निर्वाचनका लागि बझाङ जिल्लाका अधिकांश मतदान केन्द्रमा मतदान सामग्रीसहित कर्मचारी र सुरक्षाकर्मी खटाइएको छ।



मुख्य निर्वाचन अधिकृत सुवर्णमान बनेपालीका अनुसार जिल्लामा रहेका १ सय ८९ मतदान केन्द्र र १ सय ३७ मतदानस्थलमा आवश्यक तयारी पूरा हुने चरणमा पुगेको छ। दुईवटा अस्थायी मतदान केन्द्रसमेत स्थापना गरिएको उनले जानकारी दिए।

दुर्गम भूगोललाई मध्यनजर गर्दै निर्वाचन कार्यालयले चरणबद्ध रूपमा सामग्री र जनशक्ति परिचालन गरेको जनाएको छ। हिमाली क्षेत्रअन्तर्गत पर्ने साइपाल गाउँपालिकाका तीन मतदानस्थलमा शनिबार र दुई मतदानस्थलमा आइतबार नै सामग्रीसहित कर्मचारी पठाइसकिएको छ। अन्य पालिकाका मतदान केन्द्रमा पनि आजै सामग्री र जनशक्ति पठाइएको निर्वाचन कार्यालयले जनाएको छ।

सदरमुकाम नजिक रहेको जयपृथ्वी नगरपालिकाका ६ मतदान केन्द्रमा भने फागुन २० गते सामग्री र कर्मचारी पठाइने तयारी गरिएको छ। दुर्गम क्षेत्रमा समयमै सामग्री पुगोस् भन्ने उद्देश्यले प्राथमिकताका आधारमा परिचालन गरिएको मुख्य निर्वाचन अधिकृत बनेपालीले बताए।

निर्वाचनमा खटिएका कर्मचारीलाई सम्बन्धित केन्द्रमा पुगेर मतदानपूर्व सम्पूर्ण तयारी पूरा गर्न निर्देशन दिइएको छ। जिल्ला सुरक्षा समितिले पनि शान्तिपूर्ण र निष्पक्ष मतदानका लागि सुरक्षा रणनीति लागू गरिसकेको जनाएको छ।

मौसम र भौगोलिक चुनौतीका बाबजुद तोकिएकै मितिमा मतदान सम्पन्न गराउने लक्ष्यका साथ सम्पूर्ण संयन्त्र परिचालन गरिएको निर्वाचन कार्यालय बझाङले जनाएको छ।

# हुम्लामा हेलिकप्टरबाट कर्मचारी र निर्वाचन सामग्री ढुवानी

**काठमाडौं/मस-** हुम्लाको उत्तरी नाम्खा गाउँपालिका-४ को चाला र वडा नं ६ लिमीका तीन मदतान केन्द्रका कर्मचारी र सुरक्षाकर्मी तथा निर्वाचन सामग्री नेपाली सेनाको हेलिकप्टरमा ढुवानी भइरहेको छ।



चार मतदान केन्द्रमा खटिएका १ सय २ कर्मचारी, सुरक्षाकर्मी र निर्वाचन प्रहरीलाई हेलिकप्टरमा त्यसतर्फ पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रकुमार चन्दले बताए।

कर्मचारी र सुरक्षाकर्मीलाई पैदल भएर जाँदा असहज हुने भएपछि निर्वाचन आयोगले हिमाली जिल्लाका मतदान केन्द्रमा हेलिकप्टरको व्यवस्था गरेको हो।

निर्वाचनका लागि खटिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत, अन्य कर्मचारी र सुरक्षाकर्मीलाई हेलिकप्टरमार्फत लिमिका तीन मतदान केन्द्र लगिएको छ।

**साङ्ता मतदान केन्द्र जाने सडक सञ्चालनमा**

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-५ स्थित साङ्ता मतदान केन्द्र जाने (मुस्ताङ–डोल्पा) सडक हिउँ लगातार ६ दिनसम्म पन्छाइएपछि सञ्चालनमा आएको छ। जिल्ला प्रशासन कार्यालयको समन्वयमा बारागुङ मुक्तिक्षेत्र गाउँपालिका र सडक डिभिजन कार्यालय बाग्लुङको डोजर प्रयोग गरी सडक सञ्चालनमा ल्याइएको हो।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि साङ्ता गाउँबाहिर रहेका मतदातालाई गाउँ फर्काउन र मतदानस्थलको सुरक्षामा खटिने कर्मचारी तथा सुरक्षा निकायलाई उक्त मतदान केन्द्रसम्म आउजाउ गर्न असहज भएकाले सडकको हिउँ पन्छाएर सडक सञ्चालनमा ल्याइएको बारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिननामगेल गुरुङले जानकारी दिए।

मुस्ताङ र डोल्पा जिल्लाको सिमानामा पर्ने साङ्ता गाउँस्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्र जाने (मुस्ताङ–डोल्पा) सडक गत कात्तिक १० गते र त्यसयता तीनपटक परेको हिमपातले पूर्ण रूपमा अवरुद्ध भएको थियो।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष गुरुङका अनुसार मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत मतदान केन्द्र जाने करिब सात किलोमिटर सडकको बाक्लो हिउँ डोजरको सहायताले पन्छाइएपछि सडक सञ्चालनमा आएको हो। यही फागुन २१ गते हुने निर्वाचनका लागि गाउँपालिकाको लगानीमा सडक खुलाइएको अध्यक्ष गुरुङको भनाइ छ।

साङ्ता मतदान केन्द्र जाने सडक कतिपय स्थानमा १३ फिटसम्म हिउँ जमेर अवरुद्ध भएको थियो। वडाध्यक्ष सुरेन्द्र गुरुङका अनुसार हिउँ पन्छाइएपछि साङ्ता गाउँ तथा डोल्पा जाने छुकसम्वसम्मको सडक सञ्चालनमा आएको छ। हिउँ पन्छाएपछि माथिल्लो डोल्पाको छार्काताङसुङ गाउँपालिकाका मतदाता आ-आफ्नो गाउँ प्रस्थान गरेका छन्। सडकको हिउँ पन्छाइएपछि माथिल्लो डोल्पाका नागरिकलाई खाद्यान्न ढुवानी गर्न समेत सहज भएको वडाध्यक्ष गुरुङले जानकारी दिए।

यसैगरी, मुस्ताङ–डोल्पा सडकको जोड्ने साङ्ता मतदान केन्द्र जाने सडकको हिउँ पन्छाइएपछि जोमसोमबाट नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले तीन महिनादेखि अवरुद्ध रहेको टेलिफोन टावर मर्मत गरिसकेको वडाध्यक्ष गुरुङले बताए। यसअघि मुस्ताङको साङ्तास्थित हिमाली आधारभूत विद्यालय मतदान केन्द्रलाई सोही वडाको फल्याकमा सार्न त्यहाँको वडा कार्यालयले सम्बन्धित निकायलाई लिखित अनुरोध गरेको थियो। तर, जिल्ला स्तरमा मतदान केन्द्र सार्ने विषयमा सहमति नहुँदा उक्त मतदान केन्द्र नै कायम भएको थियो।

साङ्तामा १३ घरधुरीका ३९ मतदाता छन्। विसं २०७९ को निर्वाचनमा साङ्ता गाउँमा ३४ मतदाता रहेका थिए। साङ्ता मुस्ताङ र डोल्पाको सीमावर्ती गाउँ हो। त्यहाँका नागरिक बर्सेनि हिउँदयामको जाडो छल्न गाउँ छोडेर मुस्ताङको जोमसोम आसपासका गाउँमा बस्ने गर्छन्। गर्मीयाम सुरु भएपछि मात्र उनीहरू चैत/वैशाखमा साबिकको स्थानमा फर्किन्छन्। माथिल्लो डोल्पाका नागरिकलाई पोखरा–काठमाडौं र जोमसोमबाट मालसामान ढुवानी गर्न सबैभन्दा छोटो दूरीको सडक यही नै हो।

# ग्रस्तोदितखण्डग्रास चन्द्रग्रहण लाग्दै

**काठमाडौं/मस-** फागुन शुक्ल पूर्णिमाका दिन मङ्गलबार बेलुकी ग्रस्तोदितखण्डग्रास (उदाउँदै ग्रहणले करिब आधा भाग ढाकिने) चन्द्रग्रहण लाग्ने भएको छ।



नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार ग्रहणले मंगलबार दिउँसो ३ बजेर ३४ मिनेटमा स्पर्श गर्ने समितिले स्वीकृति दिएको पात्रो (पञ्चाङ्ग)मा उल्लेख गरिएको छ। चन्द्रग्रहण स्पर्श हुँदा खग्रास भए पनि नेपालमा चन्द्रोदय भएपछि भने खण्डग्रास देखिने समितिका अध्यक्ष प्रा.शम्भुप्रसाद ढकालले जानकारी दिए। बेलुकी ६ बजेर ३ मिनेट जाँदा चन्द्रोदय हुँदा नै ग्रस्तोदितखण्डग्रास भएकै अवस्थामा उदय हुने छ। बेलुकी ७ बजेर २ मिनेटमा चन्द्रग्रहण सकिन्छ। नेपालबाट करिब एक घण्टा चन्द्रग्रहण देखिनेछ।

पृथ्वीले सूर्यलाई पूर्ण रूपमा छेक्दा पूरा चन्द्रमा ढाकिने अवस्था खग्रास चन्द्रग्रहण हो। आधा वा केही खण्ड ढाकिने खण्डग्रास चन्द्रग्रहण हो। पृथ्वी, सूर्य र चन्द्रमा एउटै सूत्रमा पर्दा पृथ्वीको छायाँ चन्द्रमामा पर्नु नै चन्द्रग्रहण हो। यो ग्रहण यस वर्ष नेपालबाट दोस्रो पटक ग्रहण देखिन लागेको हो। यसअघि गत भदौ २२ गते खग्रास चन्द्रग्रहण लागेको थियो। चन्द्रग्रहण पूर्णिमा र सूर्यग्रहण औँसी तिथिमा लाग्ने गर्छ।

ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ। ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम मानिन्छ। ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्री, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ।

सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् प्रा.तोयराज नेपालले बताए। सुतक लागेपछि भोजन गर्नु नहुने धार्मिक विश्वास छ। ग्रहणमा बालबालिका, वृद्धवृद्धा र बिरामीबाहेकलाई शास्त्रीय रूपमा भोजन निषेध गरिएको पनि उनले बताए। मंगलबार बिहान ९:०३ बजेपछि बालबालिका, वृद्धवृद्धा र आतुरबाहेकले भोजन गर्नु नहुने शास्त्रीय मान्यता रहेको समितिले स्वीकृति दिएको पात्रोमा उल्लेख छ।

**विशेष उपकरणबिना नै हेर्न सकिन्छ चन्द्रग्रहण**

विश्वमा सन् २०२६ मा लाग्ने दुई चन्द्रग्रहण र दुई सूर्यग्रहण गरी जम्मा चार ग्रहणमध्ये नेपालबाट भने आजको चन्द्रग्रहण खण्डग्रास चन्द्रग्रहणका रूपमा देखिनेछ। मौसमले साथ दिएका खण्डमा देशका सबै भागबाट उक्त खण्डग्रास चन्द्रग्रहण प्रष्ट देख्न सकिने खगोलको क्षेत्रमा काम गर्दै आएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीले जनाएको छ। चन्द्रग्रहण हेर्न कुनै विशेष उपकरणको आवश्यकता पर्दैन।

मंगलबार नेपालमा चन्द्रोदयपछि बेलुकी ७:०२ बजेसम्म लाग्ने खण्डग्रास चन्द्रग्रहण मौसमले साथ दिएमा प्रष्ट रुपले हेर्न सकिनेछ। सन् २०२६ मा नेपालबाट देख्न सकिने यो एकमात्र ग्रहण भएको नेपाल एष्ट्रोनोमिकल सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले जानकारी दिनुभयो। ग्रहण अवलोकन आफ्नो घरको छत, वा खुला चौर वा नजिकैको डाँडा आदिबाट गर्न सकिनेछ। चन्द्रोदयसँगै नेपालमा सुरू हुने यो ग्रहण हेर्न नजिकैको उच्च भूगोल उत्तम हुने उनले बताए।

पृथ्वीले सूर्यलाई परिक्रमा गरिरहँदा चन्द्रमाले पनि पृथ्वीलाई परिक्रमा गरिरहेको हुन्छ। यस क्रममा पृथ्वी जब सूर्य र चन्द्रमाको बीचमा पर्न जान्छ, तव पृथ्वीको छाँया चन्द्रमामा पर्दछ। चन्द्रमाको आफ्नो प्रकाश नभएका कारण पृथ्वीको उक्त छायाँले चन्द्रमा छेकिन्छ, यसलाई नै चन्द्रग्रहण भनिन्छ।

सूर्य, पृथ्वी र चन्द्रमा पूर्णिमा वा औँसीको समयमा एउटै सरल रेखामा पर्नसक्ने भए पनि सबै पूर्णिमा चन्द्रग्रहण सम्भव हुँदैन किनभने चन्द्रमाको कक्षीय धरातलले पृथ्वीको कक्षीय धरातलमा करिब ५ डिग्रीको कोण बनाएको हुन्छ। यस्तै चन्द्रमाको कक्षले पृथ्वीको कक्षीय धरातललाई दुई बिन्दुमा काटेको हुन्छ। यी दुई बिन्दुलाई प्राचीन ज्योतिष शास्त्रमा राहु र केतु नाम दिइएको उनले बताए।

# भोजपुरको भुल्केमा जलाधार क्षेत्र संरक्षण अभियान

**भोजपुर/मस-** मानवीय क्रियाकलाप र जलवायु परिवर्तनका असरका कारण सुक्दै गएका प्राकृतिक मुहान जोगाउन भोजपुरको रामप्रसादराई गाउँपालिकाले जलाधार क्षेत्र संरक्षण अभियान अघि बढाएको छ।



गाउँपालिका-३ स्थित भुल्के क्षेत्रमा नेपाल जलवायु अनुकूलन कार्यक्रमअन्तर्गत मुहान संरक्षण तथा आवश्यक संरचना निर्माण गरिएको हो। २५ लाख बजेटबाट पाँचधारे र तीनधारे मुहानको संरक्षण, घेराबारा, रिचार्ज पोखरी निर्माण, करिब दुई सय मिटर सिँचाइ कुलो निर्माण, विश्रामस्थल तथा शौचालय निर्माणलगायतका काम गरिएको वडाध्यक्ष रामु थापामगरले जानकारी दिए। संरक्षण गरिएका मुहान हाल खानेपानी र सिँचाइ दुवै प्रयोजनका लागि प्रयोग हुँदै आएका छन्। 'प्राकृतिक प्रकोप र बढ्दो मानवीय गतिविधिका कारण धेरै मुहान सुक्दै गएका छन्,' वडाध्यक्ष थापामगरले भने,'त्यसैले दीर्घकालीन रूपमा पानीको स्रोत जोगाउन यो कार्यक्रम सञ्चालन गरेका हौं।'

उनका अनुसार भविष्यमासमेत मुहान सुक्न नदिन रिचार्ज पोखरी निर्माणले थप टेवा पुगेको छ। यसअघि सोही क्षेत्रमा रहेको ठूलो मुहान र लम्साल मुहानको पनि संरक्षण गरिएको थियो। स्थानीय प्रकाश बानियाँले विगतमा मुहान संरक्षण नहुँदा खानेपानीको समस्या भए पनि अहिले सहजता भएको बताए।

'अहिले संरक्षणपछि निकै सहज भएको छ,' उनले भने, 'रिचार्ज पोखरी निर्माणले पानीको मात्रा स्थिर राख्न सहयोग गरेको छ।'

गाउँपालिका अध्यक्ष थामबहादुर राईले जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा जलस्रोतमा नकारात्मक असर देखिएको उल्लेख गर्दै जलाधार संरक्षणलाई प्राथमिकतामा राखिएको बताए। 'हामीले प्राकृतिक रूपमा रहेका मुहानको खोजी, पहिचान र संरक्षणको काम गरिरहेका छौं,' उनले भने, 'यस्ता स्रोत जोगाउन सकिएन भने भविष्यमा ठूलो संकट आउन सक्छ।'

अध्यक्ष राईका अनुसार सडक विस्तार तथा अन्य मानवीय गतिविधिका कारण मुहान सुक्ने जोखिम बढेकाले गाउँपालिका सचेत रहेको छ। नेपाल जलवायु अनुकूलन कार्यक्रममार्फत प्राप्त बजेटलाई वातावरण संरक्षण र दिगो विकासमा खर्च गरिएको उनको भनाइ छ। भुल्के क्षेत्रमा गरिएको संरक्षण कार्यले स्थानीय बासिन्दाको दैनिकी सहज बनाउनुका साथै दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण योगदान पुग्ने गाउँपालिकाले जनाएको छ।

# यस वर्षको 'महामूर्ख' बने सभामुख यादव

**जनकपुर/मस-** मधेश प्रदेशसभाका सभामुख रामआशिष यादवलाई होरी पर्वका अवसरमा मिथिला नाट्यकलापरिषद्ले आयोजना गर्दै आएको महामूर्ख सम्मेलनमा यस वर्षको 'महामूर्ख'को उपाधि प्रदान गरिएको छ।



शनिबार जनकपुरधाम उपमहानगरपालिका तथा जनक मन्दिरको सह-आयोजनामा गरिएको होरी महोत्सव तथा महामूर्ख सम्मेलनअन्तर्गत जनकपुरधाममा दुईदिने महामूर्ख सम्मेलनमा सभामुख यादवलाई सो उपाधि प्रदान गरिएको हो। सभामुख यादवलाई मिथिला नाट्यकला परिषद्का अध्यक्ष सुनिल मल्लिक, पूर्वअध्यक्ष प्रमेश झा, सुनिल मिश्रलगायतले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गरेका थिए।

सोही कार्यक्रममा आधुनिक शिक्षामा योगदान दिएबापत राकेश कर्णलाई वैशाखानन्द, मैथिली अभियानी विभा झालाई तिलविखनी, कानुन व्यवसायी विपिनकुमार झालाई लवरसट्का, पत्रकार एवं साहित्यकार हिमांशु चौधरीलाई जी हजुरिया सम्मानले सम्मानित गरिएको छ।

कवि एवं साहित्यकार दिगम्बर झा दिनमणिलाई पोना पण्डित, शिक्षासँगै संस्कार दिने निजी विद्यालयका सञ्चालक विश्वलाल सिंहलाई पटमूर्ख, जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा शाखाका प्रमुख अञ्जु पाण्डेलाई मनतोरिया, न्युरो सर्जन डा.विजय राउतलाई विसखोपडा, उद्योगपति प्रदीप चौधरीलाई तरघुस्ताले सम्मानित गरिएको छ।

महामूर्ख सम्मेलनमा ह्यान्डबलका खेलाडी पवन कर्णलाई बज्रकिट, सुन व्यवसायी पवन ठाकुरलाई डपोरशङ्ख, मिथिला चित्रकार राजकुमारी मण्डललाई तरघुस्की, युवा लव अधिकारीलाई लोढाशङ्कर तथा नेपाल टेलिभिजनका मैथिली समाचार वाचक दीपक कर्णलाई लम्बोदर सम्मानले सम्मानित गरिएको छ।

कार्यक्रममा बोल्दै सभामुख रामआशिष यादवले महामूर्खको उपाधिले सम्मानित हुन पाएकामा खुसी व्यक्त गर्दै मिथिला नाट्यकला परिषद्ले मिथिलाको कला, संस्कृति र संस्कारलाई जीवन्त राखेकामा खुसी व्यक्त गरे। महामूर्ख सम्मेलनमा दिगम्बर झा दिनमणि, पुनम झा मैथिल, पत्रकार सन्तोष कर्ण, विजयदत्त मणिसहितका कविले होरीमा आधारित कवितावाचन गरेका थिए। कार्यक्रममा मिथिला नाट्यकला परिषद्का कलाकारहरूले दोकान नाटक क्षणिकाका साथै विभिन्न प्रकारका होरीका गीतहरू गाएका थिए।

# ललितपुरमा दुई हजार ४९ अस्थायी मतदाता

**ललितपुर/मस-** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ललितपुर जिल्लामा दुई हजार ४९ अस्थायी मतदाता कायम भएका छन्।




जिल्ला निर्वाचन कार्यालयका अनुसार सुरक्षाकर्मी तथा निर्वाचन कार्यमा खटिएका कर्मचारीले आफू खटिएको मतदान केन्द्रमै समानुपातिकतर्फको मतपत्रमा मतदान गर्न पाउने व्यवस्था गरिएको छ।

जिल्ला निर्वाचन कार्यालयकी प्रमुख गोमा धमलाले निर्वाचनमा खटिन नपाएका कर्मचारी तथा सुरक्षाकर्मीका लागि भने छुट्टै दुई स्थानमा मतदान केन्द्र तोकिएको जानकारी दिइन्। अस्थायी मतदाताले समानुपातिकतर्फ मतदान गर्न पाउने गरी लगनखेलस्थित नमुना मच्छेन्द्र माध्यमिक विद्यालय र नख्खु कारागारमा मतदान केन्द्र निर्धारण गरिएको छ।

नख्खु कारागारमा रहेका कैदीबन्दी, त्यहाँ कार्यरत कर्मचारी तथा सुरक्षाकर्मीले सोही स्थानबाट समानुपातिकतर्फ मतदान गर्न पाउनेछन्। निर्वाचन आयोगको निर्देशिकाअनुसार अस्थायी मतदातालाई समानुपातिकतर्फ मात्र मतदानको अधिकार रहने व्यवस्था छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार ललितपुरमा एक लाख ३१ हजार ५ सय ४९ महिला र एक लाख एक लाख ३७ हजार ७ सय ७ पुरुष गरी कूल दुई लाख ६९ हजार २ सय ५६ मतदाता रहेका छन्। जिल्लाभर १ सय ३१ मतदानस्थल तथा ३ सय १८ मतदान केन्द्र निर्धारण गरिएको कार्यालयले जनाएको छ।

# सिलिगुडीमा गुन्जियो नेपथ्य



**सिलिगुडी/मस–** 'पुर्खाका संघर्ष र रोजाइले हामीलाई बेग्लाबेग्लै भूगोलमा पुऱ्यायो, तर हाम्रो भाषा हामीलाई जोड्ने सेतु हो । यही भाषा भावी पुस्तालाई हस्तान्तरण गरेर सम्बन्ध युगौँसम्म जीवित राखौँ,' मुख्य गायक अमृत गुरुङले मञ्चबाट गर्जिँदा मैदानभरि उपस्थित हजारौँ दर्शक एकै स्वरमा गुन्जिए ।

पश्चिम बंगालको तीव्र गतिमा उदीयमान शहर सिलिगुडीको खुला मैदान झिलिमिली बत्ती, बाजागाजा र दर्शकको उत्साहले शनिबार साँझ तरंगित बनेको थियो । नेपाली लोक-रक संगीतको प्रतिनिधि ब्यान्ड नेपथ्यले दुई घण्टाभन्दा बढी समय दर्शकलाई गीत र संवादमार्फत भावनात्मक यात्रामा डुबायो । कन्सर्ट हेर्न मिजोरमको आइजोल र कोलासी क्षेत्रबाट करिब ४० जनाको समूह २० घण्टाको रेल यात्रा गरेर सिलिगुडी आइपुगेका थिए । त्यसमध्येकी एक पुष्पा क्षेत्रीले भनिन्, 'हामी मिजोरममा नेपाली समुदाय अल्पसंख्यक छौं । तर भाषा र संस्कृतिले हामीलाई एकतामा बाँधेको छ । बाल्यकालदेखि क्यासेटमा सुन्दै आएको नेपथ्य प्रत्यक्ष हेर्ने मौका छुटाउन सकिनँ ।' उनका अनुसार छरिएर बसोबास र कम जनसंख्याका कारण मिजोरममै यस्तो स्तरको कार्यक्रम सम्भव नभएकाले सिलिगुडी नै रोज्नुपरेको हो । कन्सर्टपछि एक रात त्यहीँ बिताएर दुईवटा रेल फेर्दै घर फर्किने तयारीमा रहेकी पुष्पाले भनिन्, 'अपेक्षा भन्दा धेरै गुणा रमाइलो अनुभव लिएर फर्किरहेका छौं ।'

असमबाट आएका सञ्जीव लिनसिङ आदिवासी खसिया समुदायका हुन् । दार्जिलिङकी नेपालीभाषी युवतीसँग विवाहपछि आफू अझ नेपाली भाषासँग नजिकिएको उनले बताए । 'पोहोर इलाममा पनि नेपथ्य हेरेको थिएँ । यसपटक मेघालयका साथीहरूसहित आठ जना सिलिगुडी आइपुगेका छौं,' उनले भने ।

सिक्किमकी रुश्मा राईका अनुसार सिलिगुडी अब नेपाली सांगीतिक गतिविधिको साझा थलो बन्दै गएको छ । 'सिक्किम, दार्जिलिङ मात्र होइन, पूर्वोत्तर भारत र भुटानसम्मका नेपालीभाषीलाई जोड्ने केन्द्र बन्दैछ,' उनले प्रतिक्रिया दिइन् । कन्सर्टमा नेपालबाट समेत दर्शकको उल्लेख्य उपस्थिति देखिएको थियो । कार्यक्रमका क्रममा अमृत गुरुङले दर्शकलाई नेपालका विभिन्न भौगोलिक भूभागको सांगीतिक यात्रामा डुबाए । 'कर्णालीका छाइला' जस्ता टप्पा-आधारित लोकधुनदेखि 'कोशीको पानी यो जिन्दगानी' सम्मका गीत प्रस्तुत गर्दै उनले पूर्व-पश्चिमको सांस्कृतिक सेतु निर्माण गरे ।

अन्तिम प्रस्तुतिका रूपमा 'गाउँ-गाउँबाट उठ' गाएर ब्यान्डले कन्सर्ट समापन घोषणा गर्दा मैदानभरि मोबाइलको फ्ल्यास झिलिमिलाए ।

कन्सर्टमा भारतीय जनता पार्टीसँग आबद्ध दार्जिलिङ क्षेत्रका विधायक नीरज जिम्बा पनि सहभागी थिए । उनले शोअघि अमृत गुरुङसँग भेट गरेको तस्बिर सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए ।

त्यस्तै, दार्जिलिङ क्षेत्रका लोकसभा सदस्य तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु विष्ट ले सामाजिक सञ्जालमा लेखेका छन्, 'सिलिगुडी, दार्जिलिङ, तराई, डुवर्स, सिक्किम र उत्तर बंगालका हजारौं संगीतप्रेमीमाझ नेपथ्य हाम्रो भाषा, संस्कृति र एकताको प्रतीकका रूपमा उभिएको छ । भारत-नेपालबीचको सांस्कृतिक सम्बन्ध अझ सुदृढ बनोस् ।'



करिब दुई घण्टाको कार्यक्रममा अमृत गुरुङले लगातार १७ गीत प्रस्तुत गरे । गीतबीच-बीचमा उनले भाषा, पहिचान र सांस्कृतिक निरन्तरताबारे संवाद पनि गरे ।

मञ्चमा उनलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा नीरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले साथ दिएका थिए ।

स्थानीय आयोजक 'पोजिटिभ भाइब्स' का विकास कायस्थका अनुसार सिलिगुडीमा पहिलोपटक यस स्तरको नेपाली सांगीतिक कार्यक्रम आयोजना गर्नु चुनौतीपूर्ण भए पनि सफलताले उत्साह थपेको छ । 'प्रचारप्रसारदेखि व्यवस्थापनसम्म धेरै सिक्यौँ । अब अझ ठूलो दायरामा कार्यक्रम गर्ने योजना छ,' उनले भने ।

सिलिगुडी प्रस्तुति सम्पन्न भएसँगै नेपथ्यको टोली स्वदेश फर्किएको छ । यही कार्यक्रममार्फत ब्यान्डले सन् २०२६ को पहिलो विदेश यात्रा सुरु गरेको हो । आगामी प्रस्तुतिहरू पनि विदेशमै निरन्तर हुने जनाइएको छ । यसअघि देशका चार प्रमुख शहरमा सांगीतिक यात्रा गरिसकेको ब्यान्डले नोभेम्बरमा थप स्वदेशी कार्यक्रम गर्ने घोषणा गरिसकेको छ ।

सिलिगुडी कन्सर्टले देखायो– भौगोलिक सीमाना फरक भए पनि भाषा र संगीतले नेपाली समुदायलाई एउटै भावनामा बाँधिरहेकै छ । अमृत गुरुङको आह्वानजस्तै, 'भाषा' अब केवल सञ्चारको माध्यम नभई पहिचान, इतिहास र भविष्य जोड्ने सेतुका रूपमा प्रस्तुत भएको छ ।

# 'परालको आगो' अमेरिका र क्यानडामा प्रदर्शन हुने






**काठमाडौं/मस–** आगामी ११ वैशाखदेखि प्रदर्शनमा आउन लागेको फिल्म परालको आगो अमेरिका र क्यानडामा पनि रिलिज हुने पक्का भएको छ । नेपाली बजारसँगै अमेरिका र क्यानडामा फिल्म प्रदर्शन गर्ने गरी वितरण कम्पनी इएनटीले अधिकार खरिद गरेको निर्माता सुशील पोखरेलले जानकारी दिएका छन् ।

फिल्म निर्माण कम्पनी हरिओम सिने मेकर्स र इएनटीबीच हालै वितरण सम्झौता सम्पन्न भएको हो । निर्माता पोखरेलका अनुसार अन्य मुलुकमा पनि प्रदर्शन अधिकार बिक्रीबारे छलफल जारी छ । उत्तर अमेरिकामा नेपाली समुदायको उल्लेख्य उपस्थिति रहेकाले त्यहाँ फिल्मप्रति प्रारम्भिक चासो उच्च देखिएको बताइएको छ ।

निर्माताका अनुसार फिल्म नेपालमै प्रदर्शन हुने ११ वैशाखकै मितिमा अमेरिका र क्यानडामा समेत रिलिज गर्ने तयारी छ । यद्यपि शो व्यवस्थापन र हलको तालिकाअनुसार अन्तिम समयतालिका सार्वजनिक गरिनेछ ।

फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक भएसँगै विदेशबाट माग बढेको जनाइएको छ । पोस्टरमा सौगात मल्ल, प्रकाश सपूत र सुहाना थापालाई पात्रको लुक्समा प्रस्तुत गरिएको छ, जसले दर्शकमाझ उत्सुकता थपेको निर्माण टिमको दाबी छ ।

निर्देशक लक्ष्मण सुनारको निर्देशनमा बनेको यो फिल्म ग्रामीण परिवेशमा आधारित पिरियोडिक-एडप्टेसन जनरामा राखिएको छ । करिब २५ वर्षअघिको सामाजिक परिवेश समेटिएको कथाले पारिवारिक सम्बन्धभित्र लुकेका मनोवैज्ञानिक र भावनात्मक द्वन्द्वलाई उजागर गर्छ ।

फिल्म प्रसिद्ध साहित्यकार गुरुप्रसाद मैनालीको 'नासो' कथासंग्रहमा समावेश 'परालको आगो' कथाबाट प्रेरित छ । यसअघि करिब ४५ वर्षअघि निर्देशक प्रताप सुब्बाले यही कथामा श्यामश्वेत फिल्म निर्माण गरेका थिए । यसपटक भने कथा प्रस्तुति, इभेन्ट संरचना र पटकथामा फरक ढंगले पुनःव्याख्या गरिएको निर्माण टिमले जनाएको छ ।

कथावस्तु श्रीमान्-श्रीमती चामे र गौँथलीबीचको झैँझगडामा केन्द्रित छ । कथाकार मैनालीले दाम्पत्य जीवनको अस्थायी तिक्ततालाई 'परालको आगो'सँग तुलना गरेका छन्- छिनमै बल्ने तर छिट्टै निभ्ने । फिल्मले दाम्पत्य सम्बन्धमा समझदारी र सहअस्तित्वको सन्देश दिने प्रयास गरेको छ ।

फिल्ममा सौगात मल्ल, सुहाना थापा, प्रकाश सपूतसहित सिर्जना अधिकारी, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने र मन्जिला बानियाँको अभिनय रहेको छ ।

सुशील देवकोटाको लेखन रहेको फिल्ममा संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन तथा कनाल कँवरको रंग संयोजन छ । संगीत पक्षमा शान्ती ठटाल, सत्य-स्वरुप र प्रकाश सपूतको योगदान रहेको छ ।

ग्रामीण परिवेश, साहित्यिक आधार र बलियो कलाकार संयोजनका कारण 'परालको आगो'लाई यस वर्षको प्रतीक्षित नेपाली फिल्ममध्ये एकका रूपमा हेरिएको छ ।



# चुनावका दिन देशभरका हल बन्द




**काठमाडौं/मस–** फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका दिन देशभरका सिनेमा हल बन्द हुने भएका छन् । निर्वाचनलाई सहयोग पुऱ्याउने तथा कर्मचारीहरूलाई मतदानमा सहभागी हुन सहज बनाउने उद्देश्यले उक्त दिन हलहरू सञ्चालन नगरिने जनाइएको छ ।

प्रदर्शकहरूको छाता संस्था नेपाल चलचित्र संघका उपाध्यक्ष गोपालकाजी कायस्थका अनुसार यस विषयमा बुधबार बस्ने संघको बैठकले औपचारिक निर्णय गर्नेछ । यद्यपि, निर्णयअघि नै केही हलहरूले सामाजिक सञ्जालमार्फत चुनावको दिन बन्द रहने जानकारी सार्वजनिक गरिसकेका छन् ।

देशकै सबैभन्दा ठूलो मल्टिप्लेक्स चेन क्युएफएक्स सिनेमाजले आइतबार सूचना जारी गर्दै फागुन २१ गते देशभर रहेका आफ्ना सम्पूर्ण हल बन्द रहने जनाएको छ । कम्पनीले निर्वाचनलाई सहजीकरण गर्न यस्तो निर्णय लिएको उल्लेख गरेको छ ।

क्युएफएक्सले कर्मचारीहरूलाई मतदानका लागि प्रोत्साहन गरिएको जानकारी दिँदै फागुन २० र २२ गते पनि केही स्थानका हलहरूको सेवा प्रभावित हुन सक्ने जनाएको छ । दर्शकलाई हलमा जानुअघि क्युएफएक्सको आधिकारिक एप वा वेबसाइटमार्फत समय तालिका जाँच गर्न आग्रह गरिएको छ । साथै, निर्वाचन अवधिभर साथ र समझदारीका लागि धन्यवाद व्यक्त गर्दै सबै नागरिकलाई आफ्नो मताधिकार प्रयोग गर्न अनुरोध गरिएको छ ।

चुनावी सरगर्मी बढेसँगै केही दिनयता हलहरूमा दर्शकको उपस्थिति उल्लेखनीय रूपमा घटेको छ । हाल प्रदर्शनरत नेपाली फिल्ममध्ये 'आ बाट आमा' बाहेक अन्य फिल्मले अपेक्षित दर्शक पाउन सकेका छैनन् ।

अहिले हलहरूमा 'आ बाट आमा', 'कुमारी', 'प्रवासी जीवन' र 'रमिताको पिरती' प्रदर्शनमा छन् । त्यस्तै विदेशी फिल्मतर्फ 'ओ रोमियो', 'स्क्रिम ७' र 'क्राइम १०१' प्रदर्शन भइरहेका छन् ।

निर्वाचनपछि फागुन महिनाको अन्तिम रिलिजका रूपमा 'लालिमा' फागुन २९ गते प्रदर्शनमा आउने तयारीमा छ ।

त्यसैगरी चैत महिनामा 'हामी तीन भाइ', 'राम नाम सत्य' र '३६ को आँकडा' प्रदर्शन हुने तालिका छ । चैत पहिलो साता, अर्थात् मार्च १९ मा दक्षिण भारतीय फिल्म 'टक्सिक' र बलिउडको 'धुरन्धर २' समेत रिलिजको तयारीमा रहेका छन् ।

निर्वाचनका कारण केही दिन हलहरू सुनसान हुने देखिए पनि मतदानपछिको अवधिमा दर्शक चहलपहल बढ्ने अपेक्षा गरिएको छ ।

# अस्मिता 'नेपाल आइडल जुनियर'को निर्णायक

**काठमाडौं/मस–** गायिका अस्मिता अधिकारी गायन रियालिटी सो 'नेपाल आइडल जुनियर'को पहिलो सिजनको निर्णायकमा नियुक्त भएकी छन् । सामाजिक सञ्जालमार्फत अधिकारीले यो खबर आफ्नै फ्यानसँग सेयर गर्दै आफ्नो खुसी र उत्साह व्यक्त गरेकी छन् ।

अस्मिताले आफ्ना अनुभव सम्झिँदै लेखेकी छन्, 'धेरै समय भएको छैन, प्रतिस्पर्धीको रूपमा 'नेपाल आइडल'को मञ्चमा उभिँदै डराउँदै-डराउँदै मेरो प्यारो मान्छे तिमी गाएर अडिसन दिएको थिएँ । त्यसपछि तपाईंहरूले दिएको अपार माया र विश्वासकै उपहारस्वरूप, स्टुडियो र स्टेज हुँदै आज फेरि उही मञ्चमा फरक जिम्मेवारीका साथ फर्किन पाएकी छु । यो यात्रा साँच्चिकै अविस्मरणीय अनुभव हो ।'

उनले यो अवसरलाई अझ रोचक बनाउनेमा पनि आफू उत्साहित रहेको बताइन् । अधिकारीका अनुसार, कार्यक्रम प्रस्तोताका रूपमा आफ्नो श्रीमान् गायक महेश काफ्ले पनि सहभागी भएका छन्, जसले शोको वातावरणलाई थप रमाइलो र स्मरणीय बनाउने विश्वास उनी राख्छिन् ।

अस्मिताले आगामी प्रतिभाशाली बालबालिकालाई लक्षित गर्दै डिजिटल अडिसन खुलिसकेको जानकारी दिँदै, योग्य उम्मेदवारहरूले यस अवसरको सदुपयोग गर्न आग्रह गरेकी छन् । 'नेपाल आइडल जुनियर'मा १४ वर्षमुनिका प्रतिभाशाली युवा कलाकारहरूले भाग लिन पाउनेछन् ।

'नेपाल आइडल'को सफलतापछि तयार भएको यो सो पहिलो पटक अप्रिलको पहिलो हप्तादेखि दर्शकमाझ आउन लागेको छ । यस सिजनको निर्णायक मण्डलमा सुगम पोखरेल, सुवानी मोक्तान, र अस्मिता अधिकारी रहनेछन् । कार्यक्रममा प्रस्तोताका रूपमा महेश काफ्ले र डा. शरिसा श्रेष्ठ आबद्ध छन् ।

यसरी, 'नेपाल आइडल जुनियर'ले युवा प्रतिभा पहिचान गर्दै उनीहरूको कला प्रस्तुत गर्ने एउटा नयाँ प्लेटफर्म प्रदान गर्ने अपेक्षा गरिएको छ । सोका आयोजकहरूका अनुसार, प्रतियोगितामा छनोट भएका बालबालिकाहरूलाई गायन, स्टेज प्रजेन्टेशन, र व्यक्तिगत विकासको अवसर प्रदान गरिनेछ ।

टी-२० विश्वकप

# उपाधि यात्रामा दक्षिण अफ्रिका–न्युजिल्यान्ड र भारत–इंग्ल्यान्ड

**मध्यान्ह संवाददाता**
कठमाडौं, १८ फागुन









आइसिसी टी-२० विश्वकप २०२६ को सेमिफाइनल समीकरण पूरा भएको छ । आइतबार भएको सुपर ८ को अन्तिम खेलमा साबिक विजेता भारतले वेस्ट इन्डिजलाई निर्णायक सुपर ८ खेलमा पराजित गर्दै आइसिसी पुरुष टी-२० विश्वकप २०२६ को सेमिफाइनलमा स्थान सुरक्षित गरेसँगै सेमिफाइनल समीकरण पूरा भएको हो । अन्तिम चारको समीकरण पूरा भएसँगै अब उपाधि दौड रोमाञ्चक मोडमा पुगेको छ ।

आइतबार सम्पन्न सुपर ८ को अन्तिम खेलमा भारतले वेस्ट इन्डिजलाई ५ विकेटले हराउँदै प्रतियोगिताबाट बाहिर पठायो । जितका लागि दुवै टोलीलाई विजय अनिवार्य थियो । पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले आक्रामक प्रदर्शन गर्दै १९५ रनको विशाल योगफल तयार पारेको थियो । जवाफमा भारतले दबाबपूर्ण परिस्थितिमा संयमित खेल प्रस्तुत गर्दै ५ विकेट गुमाएर चार बल बाँकी छँदै लक्ष्य भेट्टायो ।

यो जितसँगै भारतले सेमिफाइनलमा इंग्ल्यान्डसँगको भेट पक्का गरेको छ । सन् २०२४ को सेमिफाइनलको पुनरावृत्ति हुने यो खेल मार्च ५ मा मुम्बईस्थित वानखेडे स्टेडियम मा हुनेछ । स्थानीय समयअनुसार साँझ ७ बजे सुरु हुने उक्त खेललाई प्रतियोगिताकै सबैभन्दा प्रतीक्षित भिडन्तका रूपमा हेरिएको छ ।

पहिलो सेमिफाइनलमा भने दक्षिण अफ्रिका र न्युजिल्यान्ड आमनेसामने हुनेछन् । यो खेल मार्च ४ मा कोलकातास्थित इडेन गार्डेन्स मा आयोजना हुनेछ । दुवै सेमिफाइनलका विजेता टोलीहरू मार्च ८ मा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा हुने फाइनलमा उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । सेमिफाइनल र फाइनलका लागि रिजर्भ डे समेत व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

सुपर ८ को समूह १ बाट दक्षिण अफ्रिका र भारत सेमिफाइनलमा पुगे । दक्षिण अफ्रिकाले तीनै खेल जित्दै ६ अंकका साथ शीर्ष स्थान ओगट्यो र अपराजित यात्रा कायम राख्यो । भारतले पनि महत्वपूर्ण खेलहरूमा जित निकाल्दै अन्तिम चारमा स्थान सुरक्षित गर्‍यो ।

वेस्ट इन्डिज भने 'जित्नैपर्ने' दबाबमा भारतसँग पराजित भएसँगै १ जित र २ हारसहित तेस्रो स्थानमा सीमित रह्यो । जिम्बाबेले सुपर ८ का तिनै खेल गुमाउँदै प्रतियोगिताबाट बाहिरियो । समूह २ बाट इंग्ल्यान्ड र न्युजिल्यान्ड सेमिफाइनलमा पुगेका हुन् । इंग्ल्यान्डले तीनै खेल जित्दै ६ अंकसहित शीर्ष स्थान सुरक्षित गर्‍यो । न्युजिल्यान्डले एक जित, एक हार र एक खेलमा अंक बाँड्दै ३ अंक जोड्यो र दोस्रो स्थानमा रह्यो । पाकिस्तानको पनि समान ३ अंक भए पनि नेट रनरेटमा पछि पर्दा सुपर ८ बाटै बाहिरियो । श्रीलंका भने तीनै खेलमा पराजित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

**फाइनलका दाबेदार को ?**

प्रतियोगिताको हालसम्मको प्रदर्शन हेर्दा दक्षिण अफ्रिकालाई बलियो दाबेदारका रूपमा हेरिएको छ । अघिल्लो टी-२० विश्वकप फाइनलमा सात रनको झिनो अन्तरले उपाधि गुमाएको दक्षिण अफ्रिका यसपटक त्यो पीडा मेटाउने लक्ष्यमा छ । प्रतियोगितामा अपराजित यात्रा कायम राखेको दक्षिण अफ्रिकासँग उत्कृष्ट सन्तुलित टोली छ । ब्याटिङ र बलिङ दुवै विभागमा उनीहरूको निरन्तर प्रदर्शन प्रभावशाली देखिएको छ । भारत भने पूर्ण रूपमा सन्तुष्ट प्रदर्शन गर्न नसके पनि कठिन परिस्थितिबाट बाहिर निस्कने क्षमता देखाउँदै अघि बढेको छ । आइसिसी टी-२० वरीयताको शीर्ष टोलीका रूपमा प्रतियोगितामा प्रवेश गरेको भारतसँग उच्चस्तरीय ब्याटर र बलर दुवै छन् । घरेलु मैदानको समर्थन उनीहरूका लागि प्रेरणा बन्छ कि दबाब– यो सेमिफाइनलले स्पष्ट पार्नेछ । सन् २०२३ को एकदिवसीय विश्वकपमा घरेलु दबाब भारतका लागि उल्टो साबित भएको थियो, तर यसपटक उनीहरू त्यो अनुभवबाट सिकेर अघि बढ्न चाहन्छन् ।

इंग्ल्यान्ड पनि समान रूपमा सशक्त देखिएको छ । सुपर ८ मा तीनै खेल जितेर आत्मविश्वास बढाएको इंग्ल्यान्डले भारतविरुद्ध कडा चुनौती प्रस्तुत गर्ने अपेक्षा गरिएको छ । न्युजिल्यान्डले भने महत्वपूर्ण क्षणमा संयमित प्रदर्शन गर्दै अन्तिम चारमा स्थान बनाएको छ र दक्षिण अफ्रिकाविरुद्ध 'डार्क हर्स' सावित हुन सक्छ ।

अब प्रतियोगिता निर्णायक मोडमा पुगेको छ । चार बलिया टोलीमध्ये कसले दबाब झेल्दै उपाधि जित्छ भन्ने चासो विश्वभरका क्रिकेट समर्थकमाझ बढेको छ । अपराजित दक्षिण अफ्रिका, घरेलु समर्थकको साथमा भारत, अनुशासित इंग्ल्यान्ड र अवसर खोजिरहेको न्युजिल्यान्ड- चारै टोली उपाधिका लागि तयार देखिन्छन् । मार्च ४ र ५ का सेमिफाइनल भिडन्तपछि मात्रै फाइनलको वास्तविक तस्बिर स्पष्ट हुनेछ ।

# आर्सनलको अग्रता कायमै
## युनाइटेड तेस्रो स्थानमा उक्लियो



**काठमाडौं/एजेन्सी–** इंग्लिस प्रिमियर लिगमा उपाधि होड झनै रोचक बन्दै गएको छ । शीर्ष स्थानमा रहेको आर्सनलले लन्डन डर्बीमा चेल्सीमाथि २-१ को संघर्षपूर्ण जित निकाल्दै अंक तालिकामा पाँच अंकको सुरक्षित अग्रता कायम राखेको छ । उता, म्यान्चेस्टर युनाइटेडले पनि पुनरागमन जित निकाल्दै तेस्रो स्थानमा उक्लिएको छ ।

आइतबार सम्पन्न खेलमा आर्सनलले दुवै गोल कर्नरबाट गर्दै आफ्नो सेट-पिस क्षमताको प्रभाव देखायो । प्रशिक्षक मिकेल अर्टेटाको टोलीले सुरुवातदेखि नै आक्रामक खेल प्रस्तुत गरेको थियो ।

२१औं मिनेटमा बुकायो साकाले लिएको कर्नरमा गाब्रिएल मागाल्हाएसको हेडर डिफ्लेक्ट हुँदै विलियम सालिबातर्फ पुगेको थियो । सालिबाको प्रयास विपक्षी डिफेन्डरको हातमा लाग्दै गोलमा परिणत भएपछि घरेलु टोलीले अग्रता लियो ।

पहिलो हाफको इन्जुरी समयमा चेल्सीले पनि कर्नरमार्फत जवाफ फर्कायो । रीस जेम्सको कर्नर क्लियर गर्ने क्रममा आत्मघाती गोल भएपछि खेल १-१ को बराबरीमा पुगेको थियो ।

दोस्रो हाफमा आर्सनलले पुनः सेट-पिसमै भरोसा गर्‍यो । डेक्लान राइसको कर्नरमा जुरियन टिम्बरले सशक्त हेडर गर्दै ५८औं मिनेटमा निर्णायक गोल गरे । यो सिजन आर्सनलको कर्नरबाट भएको १६औं गोल हो, जसले टोलीको रणनीतिक तयारीलाई प्रस्ट देखाउँछ ।

७०औं मिनेटमा पेड्रो नेटोले दोहोरो पहेँलो कार्ड पाएपछि चेल्सी १० खेलाडीमा सीमित भयो । त्यसपछि चेल्सीले बराबरीका लागि प्रयास गरे पनि अन्तिम समयमा गरिएको गोल अफसाइडका कारण मान्य भएन ।

यस जितसँगै आर्सनल २९ खेलबाट ६४ अंकसहित शीर्ष स्थानमा यथावत् छ । एक खेल कम खेलेको म्यानचेस्टर सिटीले ५९ अंकसहित दोस्रो स्थानमा छ । चेल्सी भने छैटौं स्थानमा सीमित भएको छ । यता म्यानचेस्टर युनाइटेडले १० खेलाडीमा सीमित क्रिस्टल प्यालेसलाई २-१ ले पराजित गर्‍यो ।

खेलको चौथो मिनेटमै म्याक्सेन्स लाक्रोइक्सले हेडरमार्फत गोल गर्दै पाहुना टोलीलाई अग्रता दिलाएका थिए । प्रारम्भिक झट्कापछि दबाबमा परेको युनाइटेडले दोस्रो हाफमा खेलको दिशा बदल्यो ।

लाक्रोइक्सले आक्रमणकारी खेलाडीलाई पछाडिबाट तानेपछि भीएआरको सहयोगमा पेनाल्टी दिइयो र उनलाई रातो कार्ड देखाइयो । ५७औं मिनेटमा कप्तान ब्रुनो फर्नान्डेसले पेनाल्टीमार्फत बराबरी गोल फर्काए ।

त्यसपछि ६५औं मिनेटमा बेन्जामिन सेस्कोले फर्नान्डेसकै पासमा हेडर गोल गर्दै युनाइटेडलाई अग्रता दिलाए । लगातार दोस्रो खेलमा निर्णायक सावित भएका सेस्कोले टोलीलाई महत्वपूर्ण तीन अंक दिलाए ।

नयाँ प्रशिक्षक माइकल क्यारिकको आगमनपछि युनाइटेडको प्रदर्शन सुधारिएको देखिएको छ । पछिल्ला सात खेलमध्ये छ जित र एक बराबरी खेलेको युनाइटेड २८ खेलबाट ५१ अंकसहित गोलअन्तरका आधारमा तेस्रो स्थानमा उक्लिएको छ । समान अंक भए पनि एस्टन भिल्ला चौथो स्थानमा झरेको छ । क्रिस्टल प्यालेस भने १४औं स्थानमा यथावत् छ, यद्यपि रेलिगेसन क्षेत्रभन्दा १० अंकले सुरक्षित अवस्थामा छ ।

अन्य खेलमा ब्राइटन एन्ड होभ एलिबनले नट्टिङघम फरेस्टलाई २-१ ले पराजित गर्दा फूलह्यामले टोटनह्याममाथि समान २-१ को जित दर्ता गर्‍यो ।

प्रिमियर लिगको उपाधि दौड, शीर्ष चारको प्रतिस्पर्धा र रेलिगेसन संघर्ष–तीनै मोर्चामा प्रतिस्पर्धा चर्किंदै जाँदा बाँकी खेलहरूले लिगको अन्तिम परिणाम निर्धारण गर्ने निश्चित देखिएको छ ।

**लिलाम बिक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१९**
यस सा.व.उ.स. बाट संकलित खयर काठ २९२.१७ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचिकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।
**छेपेगैरा सालथुम्की सा. वन उपभोक्ता समूह, व्यास १०, तनहूँ ।**

# मेस्सीको मियामीको प्रभावशाली पुनरागमन



**काठमाडौं/मस–** अमेरिकी मेजर लिग सकर (एमएलएस) को नयाँ सिजनमा खराब सुरुवात गरेको इन्टर मियामीले दोस्रो खेलमै प्रभावशाली पुनरागमन गर्दै पहिलो जित दर्ता गरेको छ । फ्लोरिडा डर्बीमा ओर्लान्डो सिटीविरुद्ध २-० ले पछि परेको अवस्थाबाट फर्किंदै मियामीले ४-२ को रोमाञ्चक जित हात पारेको हो ।

यस जितका प्रमुख नायक सावित भए अर्जेन्टिनी सुपरस्टार लियोनल मेस्सी । उनले दुई गोल गर्नुका साथै एक गोलमा निर्णायक पास दिँदै टोलीलाई हारको मुखबाट विजयतर्फ डोर्‍याए । उत्कृष्ट प्रदर्शनका लागि मेसी 'म्यान अफ दि म्याच' घोषित भए ।

खेलको सुरुवात मियामीका लागि सुखद रहेन। १८औं मिनेटमा मार्को पासालिचले अर्लान्डोलाई अग्रता दिलाए । त्यसको मात्र ६ मिनेटपछि मार्टिन ओहेडाले दोस्रो गोल थपेपछि घरेलु समर्थकमाझ मियामी २-० ले पछि परेको थियो ।

नयाँ सिजनअघि केही खेलाडी थपेर अघिल्लो संस्करणभन्दा बलियो देखिने अपेक्षा गरिएको मियामी पहिलो खेलमा लस एन्जलससँग पराजित भएको थियो । दोस्रो खेलमा पनि उस्तै लय देखिएपछि टोलीमाथि दबाब बढेको थियो ।

पहिलो हाफपछि प्रशिक्षक जेभियर मासेरानोले रणनीतिक परिवर्तन गर्दै लेफ्ट ब्याक नोआ एलेनको स्थानमा आक्रमणमुखी खेलाडी मातेओ सिल्भेट्टीलाई मैदानमा उतारे । यही निर्णय खेलको टर्निङ प्वाइन्ट बन्यो ।

४९औं मिनेटमा २० वर्षीय सिल्भेट्टीले बक्सबाहिरबाट प्रहार गरेको शक्तिशाली शटले मियामीलाई खेलमा फर्कायो । गोलसँगै मियामीले आत्मविश्वास पुनः प्राप्त गर्‍यो ।

५७औं मिनेटमा मेस्सीले आफ्नो सिजनको पहिलो गोल गर्दै खेल २-२ को बराबरीमा पुर्‍याए । बक्सको किनारबाट उनले बायाँ खुट्टाले गरेको सटीक प्रहार अर्लान्डोका डिफेन्डरहरूको पर्खाल छिचोल्दै जाली चुम्यो ।

बराबरीपछि मियामी थप आक्रामक बन्यो । ८५औं मिनेटमा मेसीकै पासमा टेलास्को सेगोभियाले गोल गर्दै टोलीलाई पहिलोपटक अग्रता दिलाए ।

९०औं मिनेटमा मेसीले फ्रिकिकमार्फत अर्को उत्कृष्ट गोल गर्दै खेल ४-२ मा पुर्‍याए । उनको लो-ड्राइभ फ्रिकिक गोलकिपर म्याक्सिम क्रेपोको हात छिचोल्दै जालीमा पुगेको थियो । गोलपछि मेसीले टचलाइनतर्फ हेर्दै हस्ताक्षर शैलीको उत्सव मनाए ।

यो मेसीको करिअरको ७० औं फ्रिकिक गोल हो । एमएलएस नियमित सिजनका पहिलो ५५ खेलमा उनले ५२ गोल गरिसकेका छन् भने पछिल्ला ४९ खेलमा मात्र ५१ गोल गरेका छन् ।

समग्रमा क्लब र राष्ट्रका लागि मेसीको गोल संख्या ८९८ पुगेको छ । अब दुई गोल थपेमा उनले ९०० गोलको ऐतिहासिक उपलब्धि पूरा गर्नेछन् । मियामीका प्रशिक्षक माचेरानोले खेलपछि भने, 'उनी फुटबल इतिहासकै उत्कृष्ट खेलाडी हुन् । नेताका रूपमा उनी अरूलाई प्रेरित गर्छन्, तर कहिलेकाहीँ उनलाई पनि प्रेरणा चाहिन्छ । खेल फर्काउने क्षमता उनमा अरू कसैमा जस्तो छैन ।'

**बहराइनमा रोजगार**
**कम्पनी : R. B. HILTON LIMITED**
पुर्व स्वीकृत मितिः २०८२/११/१४ चलानी नं.: ६०२५३०६०
शहरः BAHRAIN
L.T. No.: 339473

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 30 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४६,२३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason (Gcc) | 7 | 0 | | 120 | ४६,२३४ | | | | | | | |
| 3. | Almunium Fitter | 31 | 0 | | 120 | ४६,२३४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २६ गते (10 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २,१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ०२३/०४८/०४९
**Gulf Manpower Services Pvt. Ltd.**
Hattigauda, Kathmandu, Nepal, Tel: 01-4374395, 4379332, 4379333
Fax: 01-4435443, E-mail: gulf@mos.com.np, info@gulfmanpower.com.np
Website: www.gulfmanpower.com

**लिलाम विक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/११/१९**
यस सा.व.उ.स बाट संकलित खयर काठ ५००.२२ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।
**भोर्ले पँधेरा सा. वन उपभोक्ता समूह, म्याग्दे ७, तनहूँ ।**

**ओमनमा रोजगार**
**कम्पनी: MUSCAT MARKETS FOR INVESTMENT L.L.C**
पूर्व स्वीकृत मितिः २०८२/११/१७ चलानी नं.: ६०२५३२०८
शहरः OMAN
LT. No.: 339665

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 6 | 7 | सम्बन्धित काममा दक्ष | 150 | ५६,६७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chocolate Maker | 7 | 0 | | 150 | ५६६७३ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २६ गते (10 March 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय संखुवासभा**
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१९ गते**

यस स्वास्थ्य कार्यालय संखुवासभाद्धारा मिति २०८२ माघ ०७ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्राभावकारी भई स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ -पहिलो संसोधन २०७३_ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबुल गरिएको रकम (भ्याट बाहेक) | बोधार्थ |
|---|---|---|---|---|---|
| 1. | NCB-SS-GOODS-1-082/83 | Procurement of Basic Health Service Medicine | श्री निरीजमा मेडिको सप्लायर्स मध्यपुर ठिमी - ६, भक्तपुर । | रु. 21,33850.00/- | 1. श्री केवलेश्वर मेडिसेल्स कागेश्वरी मनोहरा न.पा.-७, काठमाण्डौं । 2. श्री डालिमा मेडिसेल्स प्रा.लि.नयाँवानेश्वर काठमाण्डौं -१० । |

कार्यालय प्रमुख

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/१९**
**हिमालय रेन्ज एड्भेन्चर्स प्रा. लि.**को मिति २०८२/१०/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रिनभारा थांका आर्ट एण्ड ह्याण्डीक्राफ्ट्स प्रा. लि. (दर्ता नं. १८९४८९)** कायम गर्ने गरी मिति २०८२/१०/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०८२/११/१९**
**ए. वान खड्का कन्स्ट्रक्सन प्रा. लि.**को मिति २०८२/०८/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. २४१६९४)** कायम गर्ने गरी मिति २०८२/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बजेट लेखनको तयारी

# राजस्व नीतिमाथि सुझाव माग

**मध्यान्ह संवाददाता**
काठमाडौं १८, फागुन

जेठ १५ गते आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट ल्याउनै पर्ने सविधानिक व्यवस्था छ। देश निर्वाचनमा होमिदै गर्दा ३ महिनापछि बजेट ल्याउने पर्ने अवस्था छ। बजेटको कार्यतालिका अन्तरगत सरकारले बजेटको लागि सुझाव तथा बजेट सिलिङको तयारी सुरु गरेको अर्थमन्त्रालयले जनाएको छ। बजेट लेखनको तयारी स्वरुप अर्थमन्त्रालयले करका दर तथा राजस्व नीतिमाथि सुझाव माग गरेको छ।



बजेट तर्जुमा अघि राजस्व नीति, कर संरचना, भन्सार दर, राजस्व प्रशासन तथा समष्टिगत आर्थिक सुधारका विषयमा ठोस सुझाव संकलन गर्ने उद्देश्यले मन्त्रिस्तरीय निर्णयबाट गठन भएको राजस्व परामर्श समितिले सुझाव माग गरेको हो। राजस्व सचिवको संयोजकत्वमा गठित समितिले आगामी चैत ३० गतेभित्र सुझाव दिइसक्न भनेको छ।

अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अर्थ मन्त्रालयअन्तर्गतका विभिन्न विभाग तथा कार्यालयमार्फत समितिलाई सुझाव दिनु पर्नेछ।

राजस्व परामर्श समितिलाई आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्समा लाग्ने कर तथा आर्थिक ऐनबमोजिमका अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधारका विषयमा सुझाव दिन कार्यादेश दिइएको छ। करका दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली सुधार तथा राजस्व प्रशासन र संगठन संरचनामा आवश्यक सुधारबारे सिफारिस गर्ने जिम्मेवारी पनि समितिले पाएको छ।

यसैगरी औद्योगिक प्रवर्द्धन तथा संरक्षण, आयात-निर्यात, सेवा व्यापार, लगानी प्रवर्द्धन, आपूर्ति व्यवस्थापन तथा कर तथा गैरकर प्रोत्साहनका विषयमा नीतिगत र कानुनी सुधारका सुझाव पनि समितिले तयार गर्नेछ। भन्सार दर पुनरावलोकन, आन्तरिक उत्पादन संरक्षणका उपाय, मूल्याङ्कन प्रणाली सुधार, व्यापार सहजीकरण, सीमा व्यवस्थापन तथा भन्सार प्रशासन सुधारसम्बन्धी विषय पनि कार्यक्षेत्रभित्र समेटिएका छन्।

राजस्व चुहावट नियन्त्रण, चोरी निकासी-पैठारी नियन्त्रण, विदेशी विनिमय नियमन, आर्थिक अपराध नियन्त्रण, सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा त्यसका लागि आवश्यक कानूनी र संगठनात्मक सुधारका विषयमा समितिले अध्ययन गरी सुझाव दिनेछ। कृषि, ऊर्जा, पर्यटन, नागरिक उड्डयन तथा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्रका राजस्व तथा नीतिगत सुधारका विषय पनि समावेश गरिएका छन्।

बैंक, वित्तीय संस्था, बिमा, रेमिटेन्स, पुँजी बजार, सहकारी र घरजग्गा कारोबारमा देखिएका समस्या र तिनको समाधान, राजस्व परिचालनसँग सम्बन्धित विषयमा पनि समितिले सिफारिस गर्नेछ। गैरकर राजस्वका नयाँ क्षेत्र पहिचान, दर निर्धारण तथा पुनरावलोकन, सङ्घ-प्रदेश-स्थानीय तहबीचको कर दोहोरोपनाको समस्या समाधान, अन्तरसरकारी राजस्व व्यवस्थापन र राजस्व बाँडफाँट सुधारका विषयमा पनि सुझाव दिने कार्यादेश छ।

समितिले अन्तरराष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय अर्थतन्त्रको तुलनात्मक विश्लेषण गर्दै आर्थिक विकाससँग सम्बन्धित विषयमा सुझाव दिनेछ। करको दायरा विस्तार, नयाँ कर लागू वा खारेज गर्ने विषयमा अध्ययन-अनुसन्धान गरी सम्बन्धित क्षेत्रका विज्ञ, उद्योगी तथा व्यवसायीसँग छलफल गरेर सिफारिस गर्ने व्यवस्था गरिएको छ।

समितिको प्रभावकारी कामका लागि विभिन्न विषयगत नौ वटा उपसमिति गठन गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ। आन्तरिक राजस्व उपसमितिले आयकर, भ्याट, अन्तःशुल्क, डिजिटल करलगायत आन्तरिक करसम्बन्धी सुधारका विषयमा काम गर्नेछ। भन्सार उपसमितिले भन्सार दर, मूल्यांकन प्रणाली, व्यापार सहजीकरण तथा सीमा व्यवस्थापनमा केन्द्रित भई सुझाव तयार पार्नेछ।

राजस्व चुहावट नियन्त्रण तथा अनुसन्धान उपसमितिले चुहावटका प्रवृत्ति विश्लेषण, नियन्त्रणका उपाय तथा विदेशी विनिमय र आर्थिक अपराध नियन्त्रणका विषय सम्हाल्नेछ। उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमितिले औद्योगिक संरक्षण, व्यापार नीतिगत सुधार तथा प्रोत्साहनका विषयमा सिफारिस गर्नेछ।

त्यस्तै, कृषि, ऊर्जा तथा पर्यटन क्षेत्र उपसमितिले कृषि व्यवसायीकरण, विद्युत् उत्पादन, पर्यटन प्रवर्द्धन तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी सुधारका विषय अध्ययन गर्नेछ। बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजी बजार उपसमितिले वित्तीय क्षेत्रका समस्या र राजस्व परिचालनबीचको सम्बन्धबारे सुझाव दिनेछ।

गैरकर तथा अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमितिले गैरकर राजस्वका स्रोत, दर तथा संघीय संरचनामा देखिएको कर दोहोरोपनाको समाधानबारे काम गर्नेछ। समष्टिगत आर्थिक उपसमितिले आर्थिक परिसूचक, राजस्व सम्भाव्यता र प्रक्षेपण विश्लेषण गर्नेछ भने सम्पत्ति शुद्धीकरण निवारण तथा अनुसन्धान उपसमितिले एफएटीएफको ग्रे लिस्टबाट बाहिरिने रणनीतिसहित जोखिम विश्लेषण र सुधारका उपाय सिफारिस गर्नेछ।

आगामी आर्थिक वर्षको बजेटमार्फत अवलम्बन गरिने कर नीतिका सन्दर्भमा सम्बन्धित सरकारी निकाय, निजी क्षेत्रका प्रतिनिधिमूलक संघसंस्था, प्राज्ञिक क्षेत्र, सरोकारवाला निकाय तथा सर्वसाधारणबाट सुझाव आह्वान गरिएको पनि अर्थ मन्त्रालयले जनाएको छ।

सुझाव संकलनपछि उपसमितिहरूले आगामी चैत मसान्तसम्म मुख्य समितिसमक्ष आफ्नो प्रतिवेदन पेश गर्नेछन्। त्यसपछि समितिले समग्र सिफारिस समेटिएको अन्तिम प्रतिवेदन २०८३ वैशाख मसान्तभित्र अर्थमन्त्रीसमक्ष बुझाउने कार्यतालिका तय गरिएको छ।

समितिमा केन्द्रीय बैंक, प्राज्ञिक क्षेत्र तथा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको सहभागिता छ। संयोजकका रूपमा अर्थ मन्त्रालयका सचिव (राजस्व) रहेका छन् भने सदस्यका रूपमा त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख वा तोकिएका वरिष्ठ प्राध्यापक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक, अर्थ मन्त्रालयबाट मनोनीत दुई जना विज्ञ (अर्थविज्ञ र करविज्ञ) समावेश छन्।

त्यस्तै निजी क्षेत्रका छाता संगठनहरूबाट पनि प्रतिनिधित्व गरिएको छ। समितिमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल आर्थिक संघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग व्यापार महासंघ तथा नेपाल घरेलु तथा साना उद्योग महासंघका अध्यक्ष वा तोकिएका वरिष्ठ पदाधिकारी सदस्यका रूपमा रहेका छन्। अर्थ मन्त्रालयको राजस्व व्यवस्थापन महाशाखाका सहसचिव सदस्य-सचिव तोकिएका छन्।

# भारतको मेदांता अस्पताल विश्वको शीर्ष सूचीमा

**काठमाडौं/मस-** मेदांता-द मेडिसिटी विश्वका उत्कृष्ट अस्पतालहरूको सूचीमा आफ्नो स्थान कायम राख्न सफल भएको छ। अमेरिकी पत्रिका न्यूजवीकले सार्वजनिक गरेको विश्वका उत्कृष्ट २०२६' सूचीमा भारतको नम्बर १ अस्पतालको रूपमा घोषणा गरेको छ। सन् २०२६ को सूचीमा भारतसहित अष्ट्रेलिया, क्यानडा, जर्मनी, जापान, सिंगापुर, बेलायत र अमेरिका लगायत ३२ देशका २,५०० भन्दा बढी अस्पतालहरूको विस्तृत मूल्यांकन गरिएको थियो।



मूल्यांकन प्रक्रियामा हजारौं चिकित्सक तथा स्वास्थ्य विशेषज्ञहरूको सिफारिस, बिरामीहरूको अनुभव, अस्पतालको गुणस्तर मापदण्ड तथा बिरामीले प्रत्यक्ष रूपमा रिपोर्ट गरेका उपचार परिणामजस्ता सूचकहरूलाई आधार बनाइएको छ।

यसले अस्पतालहरूको सेवा गुणस्तर, विश्वसनीयता र बिरामी-केन्द्रित दृष्टिकोणलाई समग्र रूपमा मूल्यांकन गरेको जनाइएको छ।

ग्लोबल हेल्थ लिमिटेडद्वारा सञ्चालित मेदांता भारतको गुरुग्राममा अवस्थित एक अग्रणी बहुविशेषज्ञ अस्पताल हो। यस अस्पतालले अत्याधुनिक प्रविधि, कृत्रिम बौद्धिकता, रोबोटिक्स तथा डिजिटल स्वास्थ्य प्रणालीको प्रयोगमार्फत बिरामीको उपचार परिणाम सुधार गर्ने लक्ष्य राखेको जनाएको छ।

अस्पतालले आफ्नो मार्गदर्शक दर्शन 'हर एक जान अनमोल' अनुरूप विश्वस्तरीय स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउने, चिकित्सा अनुसन्धानलाई प्रोत्साहन गर्ने तथा नवीनतम उपचार प्रविधिको विकास र प्रयोगमा निरन्तर अग्रसर रहने प्रतिबद्धता व्यक्त गरेको छ। मेदांताको यो उपलब्धिले भारतको स्वास्थ्य सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्तरमा बढ्दो प्रतिष्ठालाई पुष्टि गर्नुका साथै दक्षिण एशियाका बिरामीहरूका लागि उच्चस्तरीय उपचार सेवाको महत्वपूर्ण केन्द्रका रूपमा यसको भूमिका थप सुदृढ भएको देखिएको छ।

# टेलिकमबाट एकैपटक १० हजार एसएमएस पठाउन सकिने

**काठमाडौं/मस-** नेपाल टेलिकमको मोबाइल नम्बर प्रयोग गरिरहेका ग्राहकहरूले एकै पटक धेरै व्यक्तिलाई सामूहिक सन्देश (ग्रुप एसएमएस) पठाउन सक्ने भएका छन्। ग्रुप एसएमएस सेवा प्रयोग गरेर एकै पटक २ हजार, ५ हजार र १० हजार वटासम्म सामूहिक सन्देश पठाउन सकिने भएको हो।

एउटै सन्देश धेरै जनालाई पठाउनु पर्ने अवस्थामा विभिन्न व्यक्ति वा संस्थाले पहिले देखि नै नेपाल टेलिकमको सो ग्रुप एसएमएस सेवा उपयोग गरिरहेको टेलिकमले जनाएको छ। यस अन्तर्गत १ हजार २४३ रुपैयाँमा २ हजार एसएमएस, ३ हजार १०८ रुपैयाँमा ५ हजार एसएमएस र ६ हजार २१५ रुपैयाँमा १० हजार एसएमएस पठाउन सकिने टेलिकमले जनाएको छ।।

सो सेवा प्रयोग गर्नका लागि प्रयोगकर्ताको नाममा रहेको कम्पनीको सिमकार्ड प्रयोग गर्नुपर्ने र प्रेषित सन्देशको शब्द तथा भाव लगायतका बारेमा पठाउने व्यक्ति वा संस्था स्वयं पूर्ण जिम्मेवार हुनुपर्ने टेलिकमले जनाएको छ।

टेलिकमका अनुसार सो सेवा प्रयोग गर्नका लागि मोबाइल, डेस्कटप वा ल्यापटपबाट टेलिकमको वेबसाइटमा गएर खरिद गर्न सकिन्छ।

# इनड्राइभको 'प्लेटिनम ड्राइभर्स गिभअव' क्याम्पेन

**काठमाडौं/मस-** नेपाल-विश्वव्यापी मोबिलिटी एण्ड अर्बान सर्भिस प्लेटफर्म इनड्राइभले नेपालमा 'प्लेटिनम ड्राइभर्स गिभअव' क्याम्पेन सुरुवात गरेको छ। अघिल्लो संस्करणबाट उल्लेखनीय सफलता र उत्साहजनक प्रतिक्रिया पछि, यस पटक अभियानलाई अझ बढी परिस्कृत बनाउने वाचा गर्दै प्लेटिनम ड्राइभर्स गिभअवे शुरुवात गरेको हो। इनड्राइभले आफ्ना ड्राइभर पार्टनर्सको कडा परिश्रम र समर्पणलाई विशेषरुपमा सम्मान र पहिचान गर्न यो क्याम्पेन ल्याएको हो, जसमा ग्रान्ड प्राइजमा ब्रान्ड न्यू टाटा एक्सप्रेस ईभी कार, स्टाइलिश ईभी याडिया भेलाक्स स्कूटर, सामसङ स्मार्टफोन, र स्टेकेसन प्याकेज रहेका छन्।




फागुन ११ गतेदेखि १७ गतेसम्म, चालकहरूले प्लेटिनम स्ट्याटस प्राप्त गर्न र गिभअवे अभियानमा प्रवेश गर्नका लागि योग्य हुन न्यूनतम ४५ ओटा सवारी पूरा गर्नुपर्नेछ। फागुन १८ गतेदेखि, इनड्राइभ चालकहरूले साप्ताहिक चुनौतीहरूको श्रृंखलामा भाग लिने मौका पाउनेछन्, र प्रत्येकले विशेष पुरस्कारहरू जित्ने अवसर प्राप्त गर्नेछन्।

फागुन १८ गतेदेखि चैत्र १५ गतेसम्मको चुनौतीको प्रत्येक हप्तामा प्लेटिनम स्थिति प्राप्त गर्ने चालकहरू साप्ताहिक पुरस्कार हरूको साथसाथै ग्रान्ड प्राइजको लागि पनि योग्य हुनेछन्, जसमा क्याब चालकहरूको लागि टाटा एक्सप्रेस-टी ईभी र बाइक राइडर हरूको लागि याडिया भेलाक्स ईभी स्कूटर समावेश छ।

ग्रान्ड प्राइजको लागि योग्य हुन, चालकहरूले अभियानको चारै हप्ताको लागि प्लेटिनम स्ट्याटस कायम राख्नुपर्छ। कुनै पनि चुनौती हप्तामा प्लेटिनम स्ट्याटस प्राप्त गर्ने चालकहरूबाट साप्ताहिक पुरस्कार विजेताहरू छनोट गरिनेछ।

अभियानले आफ्नो डाइभर कम्युनिटीलाई मान्यता, पुरस्कार र विकासका अवसरहरू प्रदान गर्ने इनड्राइभको मिशनलाई जारी राखेको छ। यो उपहार चालक सन्तुष्टि र दीर्घकालीन संलग्नता बढाउने फराकिलो पहलको हिस्सा हो।

# फोनपेको 'सक्षम नारी' अभियान सार्वजनिक

काठमाडौं/मस- फोनपेले आफ्नो वार्षिक अभियान 'सक्षम नारी' को तेस्रो संस्करण सार्वजनिक गरेको छ। डिजिटल वित्तीय समावेशीकरणमार्फत महिलामा वित्तीय आत्मविश्वास अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको यो राष्ट्रव्यापी अभियान सन् २०२६ मार्च १ देखि मार्च ३१ सम्म सञ्चालन हुने भएको हो।




यस अभियानले महिलालाई केवल वित्तीय पहुँचमा सीमित नराखी ती उपकरणहरूलाई आत्मविश्वासका साथ प्रयोग गर्न प्रेरित गर्ने लक्ष्य राखेको छ। यस वर्षको अभियानले 'क्रेडिट डराउने विषय हो' भन्ने लामो समयदेखिको सोचलाई चुनौती दिने जनाइएको छ।

अभियानको केन्द्रमा पूर्ण रूपमा भर्चुअल फोनपे क्रेडिट कार्ड रहेको छ, जुन सहभागी बैंकहरूको मोबाइल बैंकिङ एपमार्फत सहज रूपमा सक्रिय गर्न सकिन्छ र भौतिक कार्ड बिना नै सुरक्षित रूपमा कारोबार गर्न सकिन्छ। यो अभियान सिद्धार्थ बैंक लिमिटेड, लक्ष्मी सनराइज बैंक लिमिटेड, कुमारी बैंक, एभरेष्ट बैंक र गरिमा विकास बैंकसँगको सहकार्यमा सञ्चालन भइरहेको छ।

सहभागी बैंकका योग्य महिला ग्राहकहरूले आफ्नो फोनपे क्रेडिट कार्ड सक्रिय गरी अभियान अवधिभित्र न्यूनतम तीन वटा कारोबार पूरा गरेर सहभागिता जनाउन सक्नेछन्। यो पहल नयाँ तथा विद्यमान दुवै प्रयोगकर्ताका लागि खुला रहेको जसमा पहिलोपटक प्रयोग सुरु गर्नेहरूलाई विशेष रूपमा प्रोत्साहन गर्ने व्यवस्था गरिएको छ।

# कजारियाद्वारा विराटचोकमा नयाँ सोरुम विस्तार

**मोरङ/मस-** कजारिया रमेश टायल्सले मोरङको विराटचोकमा आफ्नो नयाँ सोरुम बिस्तार गरेको छ। शुक्रबारदेखि 'महालक्ष्मी ट्रेडर्स' मार्फत सञ्चालन गर्नेगरी उक्त सोरुम सञ्चालनमा ल्याएको हो।



सोरुमको उद्‌घाटन कम्पनीका निर्देशक हिमांशु अग्रवाल, सुन्दर हरैँचा नगरपालिकाका प्रमुख केदारप्रसाद गुरागाईं, बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई, धार्मिक गुरु दीनबहादुर शास्त्री र मिस नेपाल अर्थ २०२२ सरिशा श्रेष्ठले संयुक्त रूपमा गरेका थिए। विराटचोक र आसपासका क्षेत्रमा बढ्दो निर्माण कार्य र उच्च गुणस्तरीय टायलको मागलाई सम्बोधन गर्न सो सोरुम सञ्चालनमा ल्याइएको कम्पनीले जनाएको छ।

नेपालमै उद्योग स्थापना गरी उत्पादन सुरु गरेको कजारियाले हाल देशभर १ सय भन्दा बढी बिस्तार गरेको छ।

# साओमीको वीरगन्ज र जनकपुरमा सर्भिस सेन्टर बिस्तार


**काठमाडौं/मस-** प्रविधि कम्पनी साओमीले आदर्शनगर, वीरगन्ज र अर्विट मल, शिवचोक, जनकपुरमा दुई आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ। आफ्ना ग्राहकलाई सहज, छिटो र भरपर्दो सेवा उपलब्ध गराउने उद्देश्यसहित कम्पनीले सेवा बिस्तार गरेको हो।

यी सर्भिस सेन्टरहरू सञ्चालनमा आएसँगै मधेस प्रदेशका शाओमी प्रयोगकर्ताहरूले अब आफ्नै क्षेत्रमा आधिकारिक सेवा प्राप्त गर्न सक्ने जनाइएको छ। नयाँ सर्भिस सेन्टरमार्फत साओमीका स्मार्टफोन, वेअरएबल्स (स्मार्टवाच तथा फिटनेस ब्यान्ड), हियरएबल्स (इयरफोनतथा हेडफोन) र विभिन्न आइओटी उपकरणहरूको मर्मत, प्राविधिक जाँच तथा सेवा उपलब्ध गराइने कम्पनीले जनाएको छ।




सर्भिस सेन्टरमा प्रयोग हुने सबै स्पेयर पार्ट्स आधिकारिक हुनेछन्। यी सर्भिस सेन्टरहरूको सञ्चालन टेलिडाइरेक्टर प्रालिले गर्ने भएको छ। टेलिडाइरेक्ट, रमेशकर्प अन्तर्गतको कम्पनी हो, जसले नेपालभर साओमी ब्रान्डका लागि आधिकारिक सेवा व्यवस्थापन गर्दै आएको छ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**